Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- १४, २०७८ साल कार्तिक १६ गते मंगलबार (Nov 2, 2021) www.janaakash.com.np मूल्य रु १०/-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com


## नेपालको न्यायालयमा देखिएको विवाद राष्ट्रिय हितमा छैन

**- मोहन कार्की,**

यतिवेला नेपालको सर्वोच्च अदालतका प्रधान न्यायधिसको विषयलाई लियर विवादले चरम रुप लिइराखेको छ । न्यायलय जस्तो सार्वोच्च निकायलाई विवादमा तानेपछि नागरिकहरुले आशा र विश्वास गरेको निकाय नै विवादमा फसेपछि न्यायललयको विश्वसनीयतामा नै प्रश्न उठेको छ ।

यस्तो अवस्था सृर्जना हुनु भनेको नेपाल देशको हितमा हुदैन । हुनत नेपालको सर्वोच्च अदालत, उच्च अदालत लगायतमा राजनीतिक नियुक्ति हुने गर्दछन् । यो आफैमा गलत नजिर हो । तर जे जे भएपछि संवैधानि बिषयलाई कार्यन्वयन गर्नु नै अदालतहरुको मुख्य काम पनि हो । त्यसैगरी विगतमा कानुनको कार्यन्वयन गर्ने बिषय विगतम हुदै आएका थिए । केही विवाद पनि नभएका होइनन् ।




नेपालमा एउटै संविधानको दुईथरी व्याख्या गर्ने प्रधान न्याधिस पनि यहि देशमा छन् । कुनैवेला नेकपा(एमाले)ले सरकारको नेतृत्व गरिरहेको वेला प्रधानमन्त्री मनमोहन अधिकारीले संसद विघटन गर्दा परेको रितमा बदर गर्ने र गिरिजा प्रसाद कोइरालाले संसद विघटन गर्दा परेको रिटमा सदर गर्ने प्रधान न्यायधिस पनि हाम्रो नेपालले पाएको थियो । त्यो आफैमा विवादस्पद निर्णय थियो ।

यस्ता अनेकौ विवाद सर्वोच्च अदालतमा भएका छन् । यसरी सर्वोच्च जस्तो सर्वमान्य निकायमा विवाद हुनु नेपाल देशको हितमा देखिदैन । तै पनि नेपालमा यस्ता विवाद उत्पन्न हुने निर्णयहरु हुदै आएका छन् ।

हुन त राजनीतिक पार्टीहरुले बनाएको नीति व्यावस्थालाई न्यायलयले कार्यन्यवन गर्ने हो । यस्ता व्यवस्थाहरु बिभिन्न कालखण्डमा राजनीतिक परिवर्तनले गर्ने गर्दछन् । तर अनेक खालका राजनीतिक परिवर्तनका नामवाट व्यवस्था फेर्ने कामभएका छन् । व्यवहारिक बाँकी ६ पृष्ठमा

## कांग्रेस महाधिवेशनको मिति हेरफेर हुँदैन: रामन्द्र पौडेल

धनुषा । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पछिल्लो पटक पार्टी महाधिवेशनको सार्वजनिक गरिएको समयतालिका नै अन्तिम रहेको बताउनुभएको छ । नेपाल प्रेस युनियन धनुषाले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता पौडेलले यसपटक तोकिएकै मितिमा पार्टी



महाधिवेशन हुने र अब महाधिवेशन कार्यतालिका कुनै पनि हालतमा हेरफेर नहुने बताउनुभयो । उहाँले भन्नुभयो, “यसपटक तोकिएको महाधिवेशन तालिकामा कुनै किसिमको फेरबदल हुँदैन । मङ्सिर २४ देखि २६ मै महाधिवेशन हुन्छ ।” कांग्रेसमाथि जनताको भरोसा बढेको उल्लेख गर्दै उहाँले कांग्रेसलाई जनताको थप भरोसाको केन्द्र बनाउन तथा प्रजातन्त्रको दह्रिलो संवाहक बनाउन आफू लागि परेको बताउनुभयो । वरिष्ठ नेता पौडेलले पार्टी सभापतिमा मधेसी समुदायबाट बने पनि फरक नपर्ने बताउँदै भन्नुभयो, “पार्टीको सभापतिमा टीका लगाएर दिने कुरा आउँदैन, सभापतिमा मधेसबाट बाँकी ६ पृष्ठमा

## नगरकोट-कमलबिनायक सडक खण्ड बनाउन स्थानीय सरकारको जोड

भक्तपुर । भक्तपुर जिल्ला कमलविनायक भत्केको पाटीदेखि नगरकोटसम्मको सडक ठेक्क लागेको



८ वर्षसम्म सम्पन्न नगरेको भन्दै स्थानीयहरु आन्दोलित भएका छन् ।

नगरकोटको पर्यटकीय क्षेत्र जाने सडक समयमा नबन्दा स्थानीय बासी, तथा नगरकोट जाने पर्यटनले सास्ती भोग्नु परेको र सम्बन्धित निकायले ध्यान नदिएको र निर्माण कम्पनीले लापरवाही गर्दा पनि कारवाही नभएको भन्दै चागुनारायण नगरपालिकाले सोमबार ध्यानाकर्षण पत्र भक्तपुरका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई बुझाएको छ । ध्यानाकर्षण पत्रमामा भनिएको छ, १५.६६ कि.मि. सडक चौडा र कालोपत्रे गर्न २०७३।०३।०३ मा कार्यसम्पन्न गर्ने गरी भारतीय कम्पनी एआइपिएल र सैलुङ्ग कन्ट्रक्सन जे.भि. ले २०७१।०३।०२ मा ठेक्का सम्झौता भई विभिन्न समयमा पटक पटक म्याद थप भएतापनि आजसम्म कार्य सम्पन्न हुन सकेको छैन । अधिकांश भाग यस नगर क्षेत्रमा पर्ने सो सडकको निर्माण कार्य समयमा सम्पन्न हुन नसक्दा नगरपालिकाको वडा नं ५, ६, ७ का नगरबासीका अलावा नेपाल र संसारभरिबाट नगरकोट घुम्न आउने पर्यटकहरु प्रत्यक्ष प्रभावित भएका छन् ।


- देशकै उत्कृष्ट मध्ये एक पर्यटकीय गन्तव्य नगरकोटमा पर्यटकहरु आवगमनमा समेत न्यूनिकरण भएको छ । विगत ८ वर्षदेखि हिउँदमा धुलो वर्षामा हिलो र दैनिक असुरक्षित यात्रा पर्यटक र नगरवासीहरुको नियती बन्न पुगेको छ । स्थानीय बाँकी ६ पृष्ठमा

## शम्भुराम श्रेष्ठको जन्मदिवसको अवसरमा शुभकामना आदान प्रदान

काठमाडौ । नेपालका कम्युनिष्ट आन्दोलनका योद्धा भनेर चिनिने



शम्भुराम श्रेष्ठको १०० औं जन्म दिन तथा नेवार समुदायको ११४२ भिन्तुनाको अवसरमा शुभकामना आदान प्रदान तथा राष्ट्रियता सम्बन्धि गोष्ठी भएको छ । नेकपा -(माले) काठमाडौ जिल्ला कमिटीको आयोजनामा नयाँ बानेश्वरको ओम शान्ति ओस्कार भोजनालयमा भएको कार्यक्रममा नेकपा(माले) काठमाडौ जिल्ला कमिटीका अध्यक्ष सिद्धि महर्जनको सभापतित्व र नेकपा(माले)का महासचीव सिपी मैनालीको प्रमुख आत्थियमा र स्थाइ कमिटी सदस्य कुमार बेलवासे, सुरेन्द्र ढकाल, कृष्ण राना लगायतको बिशेष अतिथि तथा केन्द्रीय कमिटीका सदस्यहरु, जिल्ला कमिटी सदस्यहरु, र सर्व साधरणहरुको बाँकी ६ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# विशेष पर्व तिहारलाई सद्भावको रुपमा मनाऔं

नेपालीको परिचय भनेको नेपालको भाषा, पहिरन, पर्व, जात्रा, धर्म र संस्कृति हो । विश्व व्यापिकरणको नकरात्मक प्रभावको कारण हाम्रो समग्र संस्कृति ओझेलमा पर्दै गईरहेको यथार्थलाई नकार्न सकिदैन । यद्यपि विश्वब्यापीकरणको अनेकौ सकरात्मक पक्षहरु पनि छन् ।

दशैं र तिहार हामी नेपालीहरुको राष्ट्रिय पर्व हो । अधिकांश नेपालीहरुले यी पर्वहरुलाई बढो हर्ष र उल्लासको साथै मनाउँदै आइरहेका छन् । नेपालमा मात्र होइन आजकल विश्व ब्यपीकरणको कारण अमेरिका, अस्ट्रेलिया, जापान, कोरिया, क्यानाडा, दुवई, कतारलगायतका देशहरुमा बसोबास गर्दै आएका नेपालीहरुले दशैं, तिहारलाई अझ भब्य र शानको साथै मनाउदै आइराखेको पाइन्छ । विदेशीएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरु दशैं र तिहारको विशेष अवसरमा नेपालमा फर्कने गर्दछन् ।

यी पर्वहरुले बर्षौ बर्ष छुट्टिएका छोराछोरी, आमाबुबा र आफन्तहरुलाई जोड्ने गर्दछ ।

सवै धर्म, जाति, भाषा र संस्कृतिलाई समान भाव राख्नु हामी नेपालीको विशेषता हो । विडम्वना विदेशी शक्तिको प्रलोभनमा परि नेपालको भाषा, पर्व र संस्कृतिलाई प्रहार गर्ने काम पनि कुनै कुनै नेपालीवाटै हुदै गइरहेको यथार्थलाई नकार्न सक्ने स्थिति छैन ।

हिजोको हिन्दू बिभिन्न कारणवस अन्य विदेशी धर्महरु अगाल्न पुगेका पुर्व हिन्दूहरुबाट नेपालको धर्म संस्कृति र परम्परालाई कम्जोर पुऱ्याउने काम बढ्दो छ । यसले नेपालको एकतालाई कमजोर बनाउँछ । त्यसोत हिन्दु धर्मावलम्बिहरुले पनि विदेशी धर्म, सस्कृतिमा विश्वास गर्नेहरुलाई समभाव राख्न आवश्यक छ । हुन त नेपालका मुख्य हिन्दू र बौद्ध धर्मावलम्बिहरुले कुनै कसैको संस्कृतिलाई होच्याउने गरेको पाईदैन ।

स्मरण रहोस सवैभन्दा पहिला हामी मानव हौ । सवैभन्दा पहिला हामी नेपाली हौ । त्यसपछि मात्र हाम्रो लिङ्ग, राजनीतिक पार्टी, धर्म, जाति र परम्पराको कुरा आउँछ । त्यसकारण एक मानवले अर्को मानवलाई मानवको आँखाले हेरौं । चाहे त्यो हिन्दु होस्, इसाई होस्, या मुस्लिम होस् । धर्म, राजनीतिक पार्टी, जाति, भाषा र भुगोलको आधारमा एक नेपालीले अर्को नेपालीलाई अपमान गरी देशको राष्ट्रिय एकतालाई कमजोर बनाउने काम नगरौं । हाम्रो संघारमा आइपुगेको २०७८ सालको फुलैफुल अनि बत्तिनै बत्तिको राष्ट्रिय पर्व तिहारको शुभ उपलक्ष्यमा सुम्पुर्ण नेपालीहरुको विशेष सुख र समृद्धिको कामना गर्दछौं ।

# खाद्य मिसावटप्रति सचेतना

डा. प्रकाश बुढाथोकी



दशैं, तिहार, छठ तथा अनेकौं चाडबाडले धेरै मानिसलाई बिरामी बनाएर अस्पताल पुऱ्याउँछ । चाडपर्वको बेला खानेकुरामै बढी ध्यान केन्द्रित गरेर जीवनशैलीमा ध्यान दिनुपर्छरु। बिहान उठेदेखि राति नसुतेसम्म तथा दिनभर नै हामी अब अर्को पटक के खाने भन्ने छलफलमै व्यस्त बन्छौं । अस्वस्थकर, तयारी वा जङ्क खाना र खाजा नै प्राथमिकतामा पर्दछन्रु। भोजमा राखिने खानेकुरा तथा जङ्क खानामा प्रशस्त चिल्लो, पिरो र नुन बढी हुन्छरु। भोज खान बिहानैदेखि भोको बस्ने, जमातका लागि पकाउने, पस्कने, धेरै भएमा बासी राख्ने र अर्को दिन खाने गर्दा विभिन्न जीवाणुको संसर्गमा आई अपच, आउँ, टाइफाइड तथा कमलपित्तजस्ता रोग लाग्ने गर्छन्रु। ट्राइग्लिसिराइड, युरिक एसिड, मधुमेह, उच्च रक्तचाप, मोटोपना जस्ता दीर्घरोगको मात्रा र गाम्भीर्यता ३० देखि ५० प्रतिशत माथि गएको हुन्छरु। जसको स्तर ठीकमा ल्याउँदासम्म शरीरको भित्री भागमा केही न केही नोक्सान भइसकेको हुन्छ ।

**खाद्य पदार्थको गुणस्तर**

स्वस्थ तथा गुणस्तर युक्त खाद्य पदार्थको खोजीमा बजार जाने उपभोक्ता रुपियाँ तिरेर पनि सफा र स्वस्थ खाद्यवस्तु नपाउँदा हैरान छन्रु। शरीरलाई फाइदा पुगोस् भनेर खरिद गरिने खानेकुराबाट उल्टै धनको नाश र जीवनकै बरबाद हुने पो हो कि भन्ने भय छरु। एकातिर उपभोक्तामा चेतनाको कमी छ भने अर्कोतिर व्यापारीले दूषित र मिसावटयुक्त पदार्थ उत्पादन, बिक्री-वितरण जानाजानी र शिक्षाको कमीले अन्जानवश गर्ने गरेको पाइन्छ ।

मिसावटयुक्त खाद्य पदार्थले खाना विषाक्त भई बान्ता हुने, एलर्जी हुने, झाडापखाला, हैजा, टाइफाइड, पक्षाघात, क्यान्सर लगायतका रोग लाग्न सक्छ र मृत्यु पनि हुनसक्छरु। बालीनालीमा हालिने रसायनले पनि हानि गर्दछरु। राम्ररी पखालेर नखाँदा वा पशुजन्य दूधबाट मान्छेमा पुग्दा कतिले तत्काल त, कतिले धेरै समयपछि चिलाउने, क्यान्सर, मुटु, मिर्गौला लगायतका संवेदनशील अङ्गमा क्षति पुऱ्याउँछ ।

फलफूलमा कार्बाइड

मनै लोभ्याउने पहेँला केरा, मेवा, अम्बा, आँप, भुइँकटहर एकैनासले छिटो पकाउन कार्बाइड रसायन प्रयोग गरिँदै आइएको छरु। जबर्जस्ती पकाइएका फलफूलको स्वाद र सुगन्ध त कम हुन्छ नै, पौष्टिक तत्व पनि कम हुन्छरु। फस्फोरस, आर्सेनिक र क्याल्सियम कार्बाइडको प्रयोगले पाकेका फलफूलमा फस्फोरस, आर्सेनिक, न्यून फ्रुक्टोज खाँदा क्यान्सरसम्म हुनसक्छरु। परबल, तरकारी, सागपात र केराउ हरियो बनाउन मालाचाइट ग्रिनको प्रयोगले आँखा तेजिलो हुनुको साटो ज्योति र स्मरण शक्ति घट्ने हुन्छ ।

कार्बाइडको प्रयोग गरेर पकाएको फलफूल नियमित खाँदा मुखमा घाउ, वाकवाकी आउने, बान्ता हुने, पखाला लाग्ने, ग्यास्ट्रिक, पेटसम्बन्धी गम्भीर समस्या हुनसक्छ । ग्यास्ट्रिक बढ्ने, पेट दुख्ने, पखाला लाग्ने, शरीर आलस्य हुने, रिङ्गटा लागेर मानिस ढल्ने हुन्छन । तत्काल असर नपरे पनि लामो समयपछि फोक्सो, स्नायु प्रणाली र शरीरको प्रतिरक्षा प्रणाली कमजोर बनाउँछ । अत्यधिक प्रयोगले मधुमेह, उच्च रक्तचाप, पक्षाघात, मुटुरोग, पत्थरी र क्यान्सरले आक्रान्त पार्दछ ।

रङ्गिन मिठाई

खाद्यवस्तुमा रङको महत्व, गुणस्तर तथा स्वास्थ्य असरबारे धेरै लेख, समाचार, कार्यक्रम र पसलमा अनुगमन हुन्छरु। तत्पश्चात् न कारबाही हुन्छ, न परीक्षणको नतिजा आउँछरु। ‘चम्किने सबै वस्तु हीरा हुँदैनन’ भनेजस्तै व्यापारिक क्षेत्र पनि आकर्षक देखिने सबै राम्रा हुँदैनन् भन्ने तथ्यलाई ध्यान दिनुपर्दछ । सधैँभरि खाद्यवस्तुको गुणस्तरप्रति चनाखो हुनु राम्रो हो । तसर्थ तिहारलगायत सबै बेला सय ग्राम मिठाई खाए पनि त्यो स्वास्थ्यवर्द्धक होस् भन्नेमा सबैको ध्यान जानुपर्दछ ।

नेपालमा आठ प्रकारका प्राकृतिक रङ र ११ प्रकारका कृत्रिम रङ सीमित मात्रामा प्रयोग गर्न सरकारले अनुमति दिएको छ । खाद्यवस्तुमा अन्य रसायन तथा रङ मिसाइएको छ भन्दैमा त्यो खान नहुने र हानिकारक हुने भन्ने हुँदैन तर खाद्यवस्तुमा मिसाइएको रसायन तथा रङ कस्तो हो भनेर उपभोक्ताले थाहा पाउन सक्ने अवस्था छैन । बजारमा भने मिनरल, अखाद्य तथा कपडा रङ्गाउने रङ, मसीसमेत प्रयोग भइरहेका छन्रु। मिठाईमा त झन् निर्माण मिति, बनावट केही लेखिएको हुँदैन । न प्रयोग गर्ने तरिका र अवधि नै लेखेको हुन्छरु। हचुवाकै भरमा किन्ने र सेवन गर्ने गर्नुपर्दछरु। बर्फीको बाहिर लगाइएको चम्किने वस्तु चाँदी हो भन्दै अल्मुनियम खाइन्छ ।

मिठाईमा खुवामा आरारोट, उसिनेको आलु र सुजी मिसाउँदा पेटमा खराबी गर्दछरु। यस्ता मिठाई खाँदा पेट दुख्ने, पखाला लाग्ने, अपच हुने, बान्ता आउने, हैजा लाग्नेसम्म हुन्छ र निम्न गुणस्तरको घिउको प्रयोगबाट घाँटीमा समस्या उत्पन्न हुनुका साथै श्वास-प्रश्वाससम्बन्धी रोग देखापर्दछरु। रङमिश्रित तथा दूषित घिउतेलको प्रयोगले बनेका खाद्य पदार्थले रक्तकोषिकालाई विशाक्त बनाई तथा भई शरीरमा रगत कम हुने समस्या एनिमिया, अण्डकोषमा असर परी पुरुषको बीजकोष मार्दै लिङ्ग सानो हुँदै जाने तथा पुरुषत्व नाश हुने, मिर्गौला तथा कलेजोमा घाउ हुने, रोग लाग्ने, फोक्सोमा र छालामा दीर्घरोगका साथै क्यान्सरजस्तो भयानक रोग देखिन सक्छरु। गर्भवतीको गर्भपतनसम्म हुनसक्छ ।

एडिटिभ र प्रिजरभेटिभ

खाद्यवस्तुमा एडिटिभले स्वाद र सुगन्ध बढाउने तथा प्रिजरभेटिभले लामो समय सुरक्षित राख्नेबाहेक कुनै पोषण र खाद्य महत्व राख्ने गरेको पाइँदैन । एडिटिभका कारण कैयौं किसिमका एलर्जी र विकार हुनसक्दछ । छाला चिलाउने, पसिना बढी आउने, अनुहारको रङ उड्ने, डाबर आउने, आन्द्रामा पीडा, वाकवाकी, बान्ता, झाडापखाला, दम, खकार, पिनास, मांशपेसीमा पीडा, जोर्नीमा पीडा, थकान, कमजोरी, व्यवहार र मनस्थितिमा परिवर्तन, हाइपर एक्टिभिटी, माइग्रेन, मुटुको धड्कनमा समस्याजस्ता स्वास्थ्य समस्या हुने गर्दछरु। अखाद्य प्रिजरभेटिभ बीएचएले बालकलाई चञ्चले बनाउँछ भने ईडीटीएले दम, दाग, पखाला, उल्टी, नसासम्बन्धी समस्या र पेटको क्यान्सरसमेत बनाउन सक्दछ । मिठाईलाई सड्नबाट जोगाउन प्रयोग गरिने प्रिजरभेटिभले जिब्रोमा स-साना खटिरा, पेट पोल्ने, मुखमा अमिलो पानी आउने, श्वासमा गन्ध आउने, दाँत सडाउने गरेको पाइन्छ ।


बजारबाट खाद्यवस्तु किनमेल र सेवन गर्दा आफ्नो स्वास्थ्यका लागि आफैँ सचेत रहौँरु। कोरोना महामारीले अघिल्ला चाडबाड खल्लो बनाएकोमा यसपटक भने सबैले सबै प्रकारका चाड मनाउँदै छन्रु। धेरै नागरिकले कोरोना खोप पाएकाले जटिलता र मृत्यु नगन्य भएपछि बन्दाबन्दी हटेको छरु। व्यापारीलाई बेच्न र उपभोक्तालाई किन्न मात्र ध्याउन्न छ ।

सार्वजनिक यातायातमा खुट्टा टेक्ने ठाउँ छैनरु। भीड थामी नसक्नु छरु। सबै पसल खोल्न र जीवन चलायमान भए पनि सरकारले जनस्वास्थ्य मापदण्ड पालनामा निरन्तर सावधानी र निगरानी गरिरहेको छ । खोप लगाएकामा भ्रम बढी भई निर्धक्क छन्, कानमा तथा चिउँडोमा मास्क छ, सामूहिक भोज, पूजामा मस्त छन्रु। चाडबाडले सङ्क्रमण घर-घरमा भित्र्याउने निश्चित जस्तै छ । रोग तथा सङ्क्रमणबाट जोगिएर चाडबाड मनाउनुको विकल्प छैन । रोकथाम भनेको एक मात्र उपाय सजगता र त्यसको व्यवहारमा पालना हो ।

# मंसिरमा १८ औं हस्तकला व्यापार मेला हुने

काठमाडौं । नेपाल हस्तकला महासंघले विगत वर्षहरु जस्तै यसवर्ष पनि आगामी मंसिर ३ देखि ५ गतेसम्म १८ औं हस्तकला व्यापार मेला तथा १६औं क्राफ्ट कम्पिटिसन आयोजना गर्ने भएको छ । विगत वर्षहरुमा काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिँदै आएको मेला यस वर्ष काठमाडौं हायात रिजेन्सी होटल, बौद्धमा आयोजना गरिने हस्तकला महासंघले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो । कोरोना महामारीका कारण सिथिल बनेको नेपाली हस्तकलाको आन्तरिक तथा वाह्यै बजारलाई पुन: चलायमान बनाउन मेलाले महत्वपूर्ण भूमिका खेल्ने आयोजकको अपेक्षा रहेको आयोजकले जनाएको छ ।

मेला उद्घाटन प्रधानमन्त्री शेरवहादुर देउवाले गर्नु हुने र मेला अवलोकनका लागि उच्च सरकारी अधिकारी, निर्यातकर्ताका साथै नेपालस्थित विभिन्न मुलुकका राजदूतलाई पनि आमन्त्रण गरिएको मेला संयोजक रवीन्द्र शाक्यले जानकारी दिएका छन् । मेलामा हस्तकला लगायत विभिन्न वस्तुको करिब एकसय २० स्टल रहने छन् भने मेलाको प्रमुख आकर्षणमा कला प्रतियोगिताअन्तर्गत नेचुरल फाईवर (प्राकृतिक रेसा) र फिलगिरी गरी दुइ विधामा प्रतियोगिता गरिने र प्रतियोगीलाई पुरस्कृतसमेत गरी कला प्रतियोगितका संयोजक राजमान वज्राचार्यले बताए । त्यस्तै मेलाकै अवसरमा ७० वर्ष नाघेका जेष्ठ कलाकार तथा हस्तकला वस्तु विदेशी बजारका निर्यात गर्ने उत्कृष्ट निकासीकर्तालाई पनि सम्मान गर्ने




कार्यक्रम रहेको छ । मेलालाई नेपाल सरकारका साथै अन्य सहयोगी संघ संस्थाको पनि सहयोग रहेको छ ।

उक्त महासंघ अध्यक्ष सुरेन्द्र भाइ शाक्य, वरिष्ठ उपाध्यक्ष प्रचण्डमान शाक्यलगायतको पनि उपस्थिति रहेको थियो ।

नेपाली हस्तकलालगायतका अन्य उत्पादित सामानको स्वदेशी तथा अन्तरराष्ट्रिय बजार प्रवर्द्धन, नेपाली उद्यमी व्यबसायी र बिदेशी हस्तकला आयातकर्ताबीचमा व्यबसायिक सम्बन्ध विकास, विदेशी हस्तकला आयातकर्ता उपभोक्तालाई नेपालमा एक निश्चित मितिमा अन्तरराष्ट्रियस्तरको ब्यापार मेला आयोजना हुन्छ भन्ने सन्देश प्रबाह गर्नु मेलाको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ ।

# समाजवादी प्रेसको घोषणासभा कात्तिक २७ र राष्ट्रिय भेला पुस ५ मा

काठमाडौं । समाजवादी प्रेस सङ्गठन नेपालको राष्ट्रिय भेला-२०७८ आगामी पुस ५ गते गरिने भएको छ । भेला चितवन वा हेटौंडामा गरिने जनाइएको छ । गत भदौ १० गते सङ्गठन स्थापना गरिने निर्णय भएको थियो । सङ्गठनका २०१ सदस्यीय संस्थापक केन्द्रीय तदर्थ समिति र केन्द्रीय पदाधिकारीको नाम एवं जिम्मेवारी यही कात्तिक २७ गते आयोजना गरिने घोषणासभाबाट सार्वजनिक गरिनेछ । सङ्गठनले गत वर्ष पुस ५ मा गरिएको प्रतिनिधिसभा विघटनको कदमलाई नेपालको इतिहासमा असंवैधानिक दिन मानी सोको भण्डाफोर गर्ने दिनका रूपमा उपयोग गर्ने निर्णय गरेको संस्थापक संयोजक शम्भु श्रेष्ठले जारी गरेको अन्तर सङ्गठन निर्देशनमा उल्लेख छ । राष्ट्रिय भेलाले सङ्गठनका नीति, कार्यक्रम, कार्यदिशा र आगामी कार्ययोजना निर्माण गर्ने, विधान बमोजिम १५१ सदस्यीय केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्य चयन गर्ने र राष्ट्रिय सम्मेलनको मिति तय गर्ने जनाइएको छ । यही कात्तिक १२ गते काठमाडौंमा उपलब्ध संस्थापक

बाँकी ६ पृष्ठमा

# भाटभटेनी सुपरमार्केटमा पनि फोन पे मार्फत भुक्तानी गर्न सकिने

काठमाडौ । नेपालको निजी लगानीको चर्चित भाटभटेनी सुपर मार्केटमा अबदेखि फोनपे मार्फत क्यूआर स्क्यान गरेर सामान खरिदको रकम भुक्तानी गर्न सकिने भएको छ। यो सँगै यसअघि नगद वा कार्ड मार्फत खरिदको रकम तिनुपर्ने बाध्यता रहेकोमा अबदेखि उपभोक्ताले मोबाइलबाटै रकम भुक्तानी गर्न सक्ने भएका हुन् ।

बिहिबार टंगालस्थित भाटभटेनी सुपर मार्केटमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले एक कार्यक्रमबीच क्यूआर कोड उद्घाटन गर्नु भई क्युआर कोर्ड मार्फत कारोवार गर्न सकिने भएको हो ।

भाटभटेनीमा प्रभु बैंक मार्फत क्यूआर स्क्यान राखिएको हो । यसमा भाटभटेनीमा बिलिङका लागि प्रयोग भएको आइएमएस सफ्टवेयरमा समेत फोनपेको सिस्टम अपग्रेड गरिएको छ। जसबाट इसेवा वा फोनपेको सञ्जालमा आवद्ध बैंक तथा वित्तीय संस्थाको मोबाइल बैंकिङ एप तथा आइएमई पे तथा सेलपेबाट स्क्यान गरेर रकम भुक्तानी गर्न मिल्छ ।

कार्यक्रममा बोल्दै गअर्नर अधिकारीले डिजिटल कारोबारको यो अभियान सफल बनाउने श्रय फोनपे र बैंक तथा वित्तीय संस्थालाई दिनुभयो। कार्यक्रममा उहाँले भन्नुभयो' क्यूआर अभियान सुरू भएको १ वर्ष बित्दा नगद कारोबार कम हुँदै गएको छ । डिजिटल नेपाल बनाउने अभियानमा भाटभटेनी पनि थपिएको छ ।

यस्तै कार्यक्रममा फोनपेका अध्यक्ष विश्वास ढकालले डिजिटल कारोबारको अभियानमा भाटभटेनि सँगको सहकार्य अर्को कोशेढुंगाा बन्ने बताउनुभएको थियो ।

यस्तै भाटभटेनीका अध्यक्ष मिन बहादुर गुरूङले नगदरहित भुक्तानी लाई प्रबर्द्धन गर्न छुटको अफर पनि दिइएको बताउनुभएको थियो। २ वर्षभित्र कुल कारोबारको ७५ प्रतिशत क्यूआरबाट बनाउने भाटभटेनीको योजना रहेको उहाँको भनाई थियो। उहाँले अहिले २० वटा आउटलेटबाट दैनिक ४० हजार जना ग्राहकलाई मौखिक रूपमा क्यूआर र यसको लाभबारे जानकारी गराइरहेको गुरूङले सुनाउनुभएको थियो ।

डिजिटल नेपालको परिकल्पना गर्दै दुईवर्ष अगाडी स्थापना भएको फोनपेमा हाल ५ लाख २५ हजार भन्दा बढि मर्चेन्ट पुगेका छन् । बैंक तथा वित्तीय संस्था एवं भुक्तानी सेवा प्रदायकका डेढ करोड बढि मोबाईल बैंकिङ प्रयोगकर्ताले फोनपे मार्फत कारोबार गर्दै आएका छन् ।



## नेपाल टेलिकमको फाइवर सेवा हिमाली जिल्ला सोलुखुम्बुमा बिस्तार

काठमाडौ । मुलुकको अति दुर्गम स्थानहरु मध्येको सोलुखुम्बु जिल्लाका सेवाग्राहीहरुले हालै सम्पन्न गरिएको अप्टिकल फाइबर लिंक स्थापना पश्चात दिगो र निरन्तर दूरसञ्चार सेवा प्रयोग गर्न पाउने भएका छन् । नेपाल टेलिकमले हिमाली जिल्ला सोलुखुम्बुलाई पहिलो पटक अप्टिकल फाइबर लिंकबाट जोडेपछि सेवाको गुणस्तरमा थप वृद्धि हुने भएको हो । समुद्री सतहबाट ३ हजार मिटर उचाईमा रहेको सोलुखुम्बु जिल्लाको पत्ताले रिपिटर स्टेशनलाई (२०७८ कात्तिक ११) १० जीबीपीएस क्षमताको फाइबर लिंकबाट जोडिएको हो ।

रेडियो लिंकको स्वाभाविक गुण तथा क्षमताको सीमितताले गर्दा विगत लामो समयदेखि सेवाग्राहीहरुको आवश्यकता र चाहना भएतापनि उच्च गति तथा गुणस्तरका सेवा उपलब्ध हुन सकेको थिएन । नयाँ अप्टिकल फाइबर लिंक सञ्चालनमा रु ४ समस्या भएमा रेडियो लिंक लाई तुरुन्तै प्रयोग गर्न सकिने भएकाले सेवाको नियमित उपलब्धतामा सहयोग पुग्ने देखिन्छ ।

पत्ताले रिपिटरलाई फाइबरबाट लिंक गरिसकेपछि सगरमाथा आधार शिविर, खुम्जुङ, नाम्चे, लुक्ला, सल्लेरी, फाप्लु लगायत उच्च हिमाली क्षेत्र र सोलुखुम्बु जिल्लाको सम्पूर्ण टेलिफोन, इन्टरनेट तथा फोरजी सेवाहरुको गुणस्तर अभिवृद्धि हुनेछ । यसका साथै यो लिंकबाट ओखलढुंगा तथा खोटाङ जिल्लाका टावरहरुको मोबाइल ट्राफिक आदान प्रदान गर्न सहज हुनेछ ।

विगतका वर्षहरुमा यी क्षेत्रमा टेलिफोन सेवाको गुणस्तरीयताका बारेमा टिका टिप्पणी हुने गरेको सन्दर्भमा अप्टिकल फाइबर लिंकको प्रयोगसँगै अब उप्रान्त ग्राहकवर्गले गुणस्तरीय सेवाको अनुभव गर्नसक्ने अपेक्षा गरिएको छ ।

## दुई लाख मात्रा खोप माल्दिभ्सबाट आइपुग्यो

काठमाडौँ । माल्दिभ्सबाट कोरोना भाइरसविरुद्धको खोप एस्ट्राजेनिका नेपाल आइपुगेको छ । माल्दिभ्स सरकारले नेपाललाई अनुदानमा उपलब्ध गराएको दुई लाख एक हजार ६०० मात्रा खोप गए राति काठमाडौँ आइपुगेको हो । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालका अनुसार ती खोपलाई अहिले टेकुस्थित विभागको खोप भण्डारण कक्षमा राखिएको छ । उहाँले खोप लगाउन बाँकीलाई उक्त खोप लगाइने बताउनुभयो । नेपालमा अहिलेसम्म ८६ लाख ६८ हजार ५९२ जनालाई पहिलो मात्रा र ७१ लाख ८९ हजार ६८९ जनालाई पूर्ण मात्राको खोप लगाइसकेको छ ।


## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**बासुदेव थापा**
नगर प्रमुख

**राजेन्द्र प्रसाद कडेल**
प्रमुख प्रशासकीय अधिकृत

**सूर्यविनायक नगरपालिका**
**भक्तपुर, बागमती प्रदेश**

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
**नेपाल आयल निगम लि.** को

**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१


# रामेछाप डायरी

## एमाले रामेछापको महाधिवेशन प्रतिनिधि चयन हुँदै

नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि चयन कात्तिक २७ गते हुने भएको छ । केन्द्रीय कमिटीको बैठकले कात्तिक २७ गते देशभर सबै जिल्लामा एकैसाथ प्रतिनिधि निर्वाचन गर्ने निर्णय गरेको हो ।

त्यसैगरी बैठकले महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरूको संख्या बढाएको छ । केन्द्रीय कमिटी बैठकमा सदस्यहरूले प्रतिनिधि बढाउन सुझाव दिएपछि करिब चार सय संख्या बढाउने निर्णय भएको प्रवक्ता प्रदीप ज्ञवालीले जानकारी दिए । यसअघि स्थायी कमिटीले १ हजार ५ सय ३६ हुने निर्णय स्थायी कमिटीले गरेको भए पनि अब चार सय थपिँदा १ हजार ९ सय ९९ प्रतिनिधि हुने छन् । बैठकले बाँकी रहेका वडा र पालिका अधिवेशन चाँडै गर्न निर्देशन समेत दिएको छ । एमालेको महाधिवेशन मंसीर १० देखि १२ सम्म हुँदैछ । यसैबीच एमालेको महाधिवेशनमा रामेछापबाट १६ जना प्रतिनिधि मात्र सहभागी हुन पाउने भएका छन् । रामेछापमा एमालेको ११ हजार संगठित सदस्य रहेका छन् । नेकपा एमाले रामेछापका इन्चार्ज कैलाश ढुंगेलले १६ जना महाधिवेशन प्रतिनिधिमा चयन हुने जानकारी दिए । महाधिवेशनमा सहभागी हुन पार्टीभित्र कडा प्रतिस्पर्धा हुने भएको छ ।

## हिमगंगामा एक दिने निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न

रामेछाप । रामेछापको रामेछाप नगरपालिका वडा नं ४ हिमगंगामा एक दिने नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन् भएको छ । शनिबार भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिन्धुलीको आयोजन तथा रामेछाप नगरपालिकाको सहआयोजनामा एक दिने पशु स्वास्थ्य शिविर सम्पन्न भएको वडा सचिव अशोक सुनुवारले रामेछाप टाइम्सलाई जानकारी दिए । उनका अनुसार शिविरमा गाई, भैंसी,बाख्रा,बोका, कुखुरालाई विभिन्न रोगको औषधि वितरण गरिएको थियो । साथै रोगी पशुहरुलाई प्राविधिक उपचार गरिएको उनले बताए । शिविर वडा कार्यालयको परिसरमा भएको थियो ।

## रत्न गौतमले गरे आर्थिक सहयोग

नेकपा माओवादी केन्द्र सिन्धुलीको पार्टी कार्यालय निर्माण गर्नको लागि नेकपा एमाले रामेछापका नेता रत्न गौतमले आर्थिक सहयोग गरेका हुन् । निर्माण व्यवसायी समेत रहेका नेता गौतमले माओवादीको पार्टी कार्यालय बनाउनको लागि तीन लाख पच्चीस हजार पाँच सय रुपैयाँ सहयोग गरेका हुन् । नेता गौतमले उक्त रकम नेकपा माओवादी केन्द्र सिन्धुलीको जिल्ला इन्चार्ज राजन दाहाललाई हस्तान्तरण गरेका हुन् । इन्चार्ज दाहालले राजनीतिक विचार सिद्धान्त फरक भएपछि एमाले नेता गौतमले पार्टी निर्माणमा गर्नुभएको आर्थिक सहयोग महत्वपूर्ण रहेको बताए । गौतमले यसअघि नेपाली कांग्रेस रामेछापको पाटी कार्यालय निर्माण गर्नका लागि पनि आर्थिक सहयोग गरेका थिए ।

## रामेछापमा अब विषादी किन्न तीन पुस्ते वितरण चाहिने

विषादी सेवनबाट रामेछापमा आत्महत्या गर्ने क्रम बढेपछि प्रहरीले विषादी विक्रि वितरणमा कडा गरेको छ । आत्महत्याको घटना न्यूनिकरण गर्नको लागि प्रहरीले अबदेखि विषादी विक्रीवितरण गर्दा अनिवार्य रुपमा तीन पुस्ते वितरण राखेर मात्र विषादी दिन आग्रह गरेको हो । जिल्ला प्रहरी कार्यालय रामेछापले सदरमुकाम मन्थलीमा सञ्चालित एक दर्जन भन्दा बढी कृषि तथा पुश उपचारमा संलग्न व्यवसायीहरुसँग छलफल गर्दै विषादी बेचविखनमा कडाई गर्न आग्रह गरेको छ । उक्त छलफलमा पशु तथा कृषि सम्बन्धी व्यवसायीहरुले किनारा पसलबाट समेत विषादी बेचविखन हुने गरेको गुनासो गर्दै प्रहरीले पनि ती पसलहरुमा निगरानी बढाउन सुझाव दिएका थिए । छलफलमा जिल्ला प्रहरी कार्यालय रामेछापका डिएसपी नवराज ढुंगानाले इजजात विना नै विषादी विक्रिवितरण गर्नेमाथि प्रहरीले कडाइको साथ अनुगमन गर्ने बताए । उनले भने,'जिल्लामा आत्महत्या गर्नेको संख्या बढदो छ, आत्महत्याको घटना न्युनिकरण गर्नको लागि विषादी विक्रीवितरणमा कडाई गर्नुपर्छ ।' ढुंगानाले अबदेखि विषादी विक्रीवितरण गर्दा सम्बन्धित व्यवसायीले विषादी किन्ने व्यक्तिको तीन पुस्ती विवरण लिखित रुपमा राखेर मात्र विक्री गर्नुपर्ने बताए । प्रहरीका अनुसार रामेछाप जिल्लामा बार्षिक रुपमा ३० जना भन्दा बढीले आत्महत्या गर्ने गरेको तथ्याङ्क रहेको छ ।

## उद्योग वाणिज्य संघ रामेछापको ११६ जनाको सदस्यता खारेज

रामेछाप । रामेछाप उद्योग वाणिज्य संघ रामेछापले ११६ जना सदस्यको सदस्यता खारेज गरेको छ । चालु आर्थिक वर्षमा ६३ जना थप नयाँ सदस्य थप गरेको संघले पटक पटक सूचना गरि सदस्यता नविकरण गर्न आग्रह गर्दा पनि सदस्यता नविकरण नगर्ने ११६ जनाको सदस्यता खारेज गरेको संघका कार्यकारी अधिकृत नवीन के.सी.ले रामेछाप टाइम्सलाई जानकारी दिए । उनका अनुसार कूल एक हजार तीन सय २५ जना सदस्य संख्या रहेको संघमा गत असोज मसान्तमा सम्म ३ सय ३४ जना महिला र ९ सय ८९ जना पुरुष आबद्ध भएका छन् । जसमा साधारण सदस्य एक हजार दुई सय ३६ जना रहेको छ । भने बस्तुगत सदस्यको संख्या दुई जना छ । त्यस्तै आजिवन सदस्यको संख्या ८४ जना पुगेकोछ । एसोसियट्स् सदस्य ३ जना छन् ।

जिल्लाका आठवटै स्थानीय तहमा जोडिएको संघमा हालसम्म ४८३ उद्योग र ८४२ वटा वाणिज्य संस्थाहरु जोडिएका हुन् । वि.स. २०४९ सालमा तदर्थ समिति गठन भई जिल्ला प्रशासन कार्यालयमा सोही फागुन ११ गते दर्ता भएर संचालनमा आएको संघले यस क्षेत्रमा छरिएर रहेका गद्योगी, ब्यापारी एवं ब्यावसायीहरुको हकहित, संरक्षण सम्बर्द्धन, एकता र विकासमा टेवा पुर्याउदै आएको छ । यो संस्था नेपाल उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघको 'ख' वर्गमा सूचिकृत भएकोछ । संघले जिल्ला सदरमुका मन्थली बजारमा दैनिक उपभोग्य बस्तुहरुको मूल्य सूची निर्धारण गर्न जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय मन्थली र मन्थली नगरपालिकासंग समन्वय गरि ब्यापारीहरुको हितमा काम गर्दै आएको छ ।संघका अध्यक्ष केशव प्रसाद घिमिरेले संघले समय समयमा सम्बन्धित निकायसँगको समन्वयमा बजार अनुगमन्, ब्यापारीहरुको हितमा तालिम, छलफल अन्तरक्रिया कर राजश्व सम्बन्धी कार्यक्रम संचालन गर्दै आएको बताए । उनका अनुसार यसबाट ब्यापारी र उपभोक्ता दुबैलाई निकै मद्दत पुग्ने गरेको छ ।

# ज्योति विकास बैंकको ऋणपत्र नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

काठमाडौँ । ज्योति विकास बैंक द्वारा निष्काशित रु १.५ अर्ब बराबरको ९५ ज्योति विकास बैंक बोन्ड २०८७' ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा



सूचीकृत भएको छ । आइतबार एक कार्यक्रमकाबीच सो ऋणपत्र सूचीकरण गर्ने सम्झौतापत्रमा ज्योति विकास बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र नेपाल स्टक एक्सचेन्ज लिमिटेडका निमित्त प्रमुख कार्यकारी अधिकृत निरन्जन फुयालले हस्ताक्षर गरेका छन् । सम्झौता पश्चात् सो ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दोस्रो बजारमा कारोबार गर्न मिल्ने छ। सूचीकरण भएको ऋणपत्र धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनबाट नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार शुरु हुने बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ । बैंकले रु. एक हजार अंकित दरका १५ लाख कित्ताले हुन आउने 'ज्योति विकास बैंक बोन्ड २०८७' ऋणपत्र ९ प्रतिशत वार्षिक ब्याजदरले अर्धवार्षिक रुपमा ब्याज भुक्तानी गर्ने गरि १० वर्ष अवधिको लागि निष्काशन गरेको थियो । ज्योति विकास बैंकले हाल १०५ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर तथा ६१ वटा ६१ मार्फत सेवा उपलव्ध गराउँदै आईरहेको बैकले जानकारी गराउने गरेको छ ।

# गरिमामा गाभियो साहारा बिकास बैक

काठमाडौँ । राष्ट्रियस्तरको गरिमा विकास बैंकले सहारा विकास बैंकलाई एक्वायर (प्राप्ति) गरेको छ । गरिमा विकास बैंकको गत भदौ १५ गते र सहारा विकास बैंकको भदौ १२ गते बसेको छुट्टाछुट्टै विशेष साधारणसभाले एक्विजिशनमा जाने प्रस्ताव पारित गरेसँगै सहारा गरिमा बैंकमा विलय हुने भएको हो ।

बैंक विलय तथा प्राप्तिका लागि नेपाल राष्ट्र बैंकले गत कात्तिक १ गते र

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

कम्पनी रजिष्ट्रारको कार्यालयले कात्तिक ११ गते अन्तिम स्वीकृति दिइसकेको छ । योसँगै अब यी दुई बैंकले आगामी कार्तिक २८ गतेदेखि एकीकृत कारोबार गर्ने भएका छन् । यद्यपि, बैंकको नाम भने गरिमा विकास बैंक नै रहने छ ।

एक्युजिशन सम्झौता अनुसार दुई बैंकबीच १:१ को भ्यालुएसन साझेदारी रहने सहमति भएको गरिमा विकास बैंकले जनाएको छ । अर्थात् गरिमा विकासले सहारा विकासलाई १ को बराबर १ शेयर आदानप्रदान रेशियोमा प्राप्ति गर्ने सहमति भएको हो । प्राप्ति पश्चात बैंकको चुक्तापूँजी ३ अर्ब ९४ करोड ८१ लाख ८३ हजार १०५ रुपैयाँ पुग्नेछ । बैंकको केन्द्रिय कार्यालय भने हाल गरिमा विकास बैंक रहेकै भवन काठमाडौँ महानगरपालिका वडा नं. २, लाजिम्पाटमा रहनेछ । गरिमा विकास बैंक गण्डकी प्रदेशवाट सञ्चालन भई केन्द्रीय प्रणालीमा जोडिएको ख वर्गको बैक हो भने सहारा विकास बैंक सर्लाही जिल्लालाई केन्द्रित हुँदै सञ्चालन भइरहेको बैंक हो । साहारा बिकास बैकको शाखाहरुमा आउदा दिनमा गरिमा बिकास बैकको नामवाट कार्य सञ्चालन हुने छ ।

# लक्ष्मी बैंकको १३८औं शाखा संखुवासभाको खाँदबारीमा

काठमाडौ । लक्ष्मीबैंकले आफ्नो शाखा संजाल विस्तार गर्ने क्रममा १३८ औं शाखा संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका वडा न. १ मा संचालनमा ल्याएको छ । खाँदबारीको सजक टोलमा नयाँ शाखा स्थापना पछि बैकाको १३८ औ शाखा पुगेको हो । बैंकले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको अनुसार जिल्ला शाखाको रुपमा संखुवासभामा पनि




बिस्तार गरेको हो । यो नयाँ शाखाको शुरुवात सँगै लक्ष्मी बैंकको शाखा संजाल ५० जिल्लामा १३८ शाखा, ७ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १६८ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६३ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको बैकले जनाएको छ । यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनिव् यापक बनाउने विश्वास राखेको बिज्ञप्तिमा उल्लेख छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पुरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आक्रामक रुपमा आफनो शाखा सेवा विस्तार गर्दै लगेको देखिन्छ । बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टरनेट बैंकिङ्ग र मोवाईल फोन मार्फत बैंकिङ्ग सेवा प्रादन गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड ग्राहकहरुलाई अझ सशक्त बनाउने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको बैकको दावी छ ।

# सनराइज क्यापिटलको ११ औं वार्षिक साधारणसभा

काठमाडौ । सन्राइज क्यापिटल लिमिटेडको एघारौ वार्षिक साधारणसभा कम्पनीको कार्यालय स्थित कमलपोखरी, काठमाडौंमा मिति २०७८/०७/१२ मा सम्पन्न भएको छ । उक्त वार्षिक साधारण सभाले सामान्य प्रस्ताव अन्तर्गत आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै २०७८ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गरेको कम्पनीले जानकारी दिएको छ । सभाले संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्तापूँजीको ४० प्रतिशत (कर सहित) का दरले हुनआउने रु.८ करोड नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गरेको छ । नेपालको प्रथम मर्चेन्ट बैंकका रुपमा स्थापना भएको यस कम्पनीले हाल शेयर रजिष्ट्रार, शेयर अन्डर राइटिङ्ग, म्युचुअल फण्ड व्यवस्थापन, लगानी व्यवस्थापन तथा कर्पोरेट एडभाईजरी को कार्य समेत सकृय रुपमा संचालन गर्दै आम लगानीकर्ताहरुलाई सुदृढ तथा गुणस्तरिय सेवा प्रदान गर्दै आईरहेको कम्पनीले दावी गदै आएको




छ । क्यापिटलले हाल सन्राइज म्युचुअल फण्ड अन्तर्गत सन्राईज फर्स्ट म्युचुअल फण्ड तथा सन्राइज ब्लुचिप फण्ड योजनाहरु संचालन गर्दै आईरहेको छ । सन्राईज फर्स्ट म्युचुअल फण्ड योजनाले आ.व. २०७७/०७८ को मुनाफाबाट इकाई धनीहरुलाई ५० प्रतिशत (कर सहित) प्रतिफल वितरण गरिसकेको कम्पनीले जारी गरेको प्रेस बिज्ञप्तिमा उल्लेख छ ।

# महालक्ष्मी लाईफ इन्स्योरेन्सको राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाडौ । महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडले चितवनको सौराहामा आफ्नो राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । यहि कार्तिक ५ र ६ गते भएको सम्मेलनमा देश भरिका ६० शाखा उपशाखा प्रमुखहरु, १४ क्षेत्रका क्षेत्रिय प्रमुखहरु तथा प्रधान कार्यालयका अधिकृतहरुको सहभागिता रहेको थियो । सम्मेलनको पहिलो दिन चौध क्षेत्रका क्षेत्रिय प्रमुख, उपक्षेत्रिय प्रमुख र एरिया शाखा प्रमुखहरुले आआफ्नो क्षेत्रको व्यवसायिक प्रतिवेदन पेश गरेका थिए । प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा सम्पन्न उक्त भेलामा प्रतिस्पर्धी कम्पनीहरुको अवस्था, कम्पनीको व्यवसायीक कारोबार र लक्ष्य प्राप्तिको लागि अपनाइने आगामी रणनीति तथा कार्यक्रम बारेमा क्षेत्रगत छलफल भएको थियो। कार्यक्रमको दोस्रो दिन कार्तिक ६ गते कम्पनीका सम्पुर्ण कार्यालय प्रमुख र अधिकृतहरु सहभागी भएको "National Business Meet-2078" राष्ट्रिय सम्मेलन सम्पन्न भएको हो । प्रमुख कार्यकारी अधिकृत रमेश कुमार भट्टराईले उद्घाटन गर्नु भएको उक्त सम्मेलनमा स्वागत मन्तव्य बरिष्ठ सहायक महाप्रबन्धक




प्रशान्तराज धमलाले व्यक्त गर्नु भएका थियो । त्यसै गरी नायव प्रमुख कार्यकारी अधिकृत रामेश्वर श्रेष्ठले त्रैमासिक व्यवसायिक समिक्षा गर्नु भएको थियो भने अर्का नायव प्रमुख कार्यकारी अधिकृत कमल पन्थीले सहभागिहरुलाई कम्पनीको बीमा योजनाहरुको बारेमा तालिम प्रदान गर्नु भएको थियो । सम्मेलनको अन्तमा २०७८।०७९ को प्रथम त्रैमासमा तोकेको लक्ष्य प्राप्त गर्ने २९ जना कार्यालय प्रमुखहरुलाई प्रमुख कार्यकारी अधिकृतले पुरस्कृत र सम्मान गर्नु भएको थियो । सम्मेलनले दोस्रो त्रैमासको शाखा उपशाखा र क्षेत्रको व्यवसायीक लक्ष्य निर्धारण गरेको थियो । बीमा जनचेतना अभिवृद्धिको लागि यो आ।व। भित्र सबै शाखा उपशाखाले आ-आफ्नो क्षेत्रमा युवा संग (महालक्ष्मी लाईफ कार्यक्रम सम्पन्न गर्ने निर्णय गरेको थियो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृतले युवासंग ( महालक्ष्मी लाईफ कार्यक्रम विषयमा विस्तृत जानकारीको साथै तालिम प्रदान गर्नु भएको थियो ।

# एनएमबी बैंकद्वारा १५.८० प्रतिशत लाभांश घोषणा

काठमाडौँ । एनएमबि बैंक लिमिटेडले १५.८० प्रतिशत लाभांश घोषणा गरेको छ । बैंकको गत शुक्रबार बसेको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट लगानीकर्ताहरुलाई चुक्ता पूँजीको १२.५०

NMB
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

प्रतिशत बोनस शेयर र ३.३० प्रतिशत नगद लाभांश वितरणको घोषणा गरेको हो । प्रस्तावित लाभांश राष्ट्र बैंकको स्वीकृत पश्चात बैंकको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि वितरण हुनेछ । अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा बैंकले १३ प्रतिशत बोनस र ३.२ प्रतिशत नगद गरि कूल १६.२० प्रतिशत लाभांश वितरण गरेको थियो । तर यसपटक बैंकले ०.४० प्रतिशतले लाभांश घटाउँदै १५.८० प्रतिशत वितरणको घोषणा गरेको बैकले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

## अर्थ संसार

# नेपाल लाइफको आइफोन दाहालले जिते

काठमाडौ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको बीमा शुल्क (प्रीमियम) भुक्तानी इसेवाबाट गर्ने बीमित मध्येबाट पहिलो लक्की ड्र मार्फत विजेतालाई आइफोन १२ प्रदान गरेको छ । नेपाल लाइफको कार्यालयमा एक कार्यक्रमका बीच उक्त पुरस्कार प्रदान गरिएको हो । लक्की ड्र मार्फत छनोट भएका विराटनगर निवासी विज्ञान दाहाललाई नेपाल लाइफका नायब महाप्रबन्धक अमित केयलले उक्त आइफोन १२ प्रदान गरेका हुन् । नेपाल लाइफका नायब महाप्रबन्धक अमित केयलले डिजिटल प्लाटफर्म मार्फत प्रीमियम भुक्तानी गर्दा समयको बचत र झन्झटबाट मुक्त हुनुका साथै इसेवाले ग्राहकहरुलाई यस किसिमका उपहार प्रदान गर्दा डिजिटल पेमेन्टमा आकर्षण बढ्ने धारणा




व्यक्त गरेका थिए । आइफोन १२ प्राप्त गरेपछि विज्ञान दाहालले १० वर्ष अघि बीमा गरेको पोलिसिको प्रीमियम समय र सहजतालाई ध्यान दिइ इसेवाबाट भुक्तानी गर्दा लक्की ड्रको बारेमा जानकारी नभएको बताएका थिए । तर जब इसेवाबाट तपाई लक्की ड्र मार्फत छनौट हुनु भएको छ भनी फोन आउँदा सर्पाइज भएको बताए । दाहालले अगाडी थप्दै भने आजको दिनमा डिजिटल प्लाटफर्म मार्फतको भुक्तानीको विश्वासनीयता बढ्दै गएको छ यस्ता उपहार/पुरस्कारले अझ थप उत्साह थपेको छ । आफ्ना बीमितहरुलाई सरल र सहज सेवा प्रदान गर्न नेपाल लाइफले विभिन्न डिजिटल पेमेन्ट सिस्टम तथा डिजिटल वालेटहरुसँग बीमा शुल्क (प्रिमियम) भुक्तानीको सम्झौता गरेको छ । जसले गर्दा कुनै पनि ठाउँबाट जुनसुकै समयमा बीमा शुल्क ( प्रिमियम) भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ । नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरु ई-सेवाका साथै खल्ती, कनेक्ट आइपीएस, फोन पे, आईएमई पे तथा प्रभु पे लगायतबाट अनलाइन भुक्तानी गर्न सक्ने व्यवस्था लागु गरेको छ । ग्राहकहरूको हितलाई ध्यानमा राखी कम्पनीले समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधामा परिमार्जन एवं परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्ने गरेको छ ।

# सन नेपाल लाइफको अभिकर्ता सम्मान

काठमाडौ । सन नेपाल लाइफले कैलालि ,जिल्लाको धनगढी,अत्तरीया, सुखड, लम्की र टिकापुर तथा कञ्चनपुर जिल्लाको महेन्द्रनगर र पूनर्वासमा बीमा जागरण अभियान सञ्चालन गरेको छ । साथै कम्पनीको शाखाकार्यालय धनगढी र धनगढी शाखा अन्तरगत रहेका उपशाखा महेन्द्रनगर, झलारी, अत्तरीया बेलौरी,पूनर्वास, हसूलिया,मसुरिया, भजनी, सुखड, लम्की,टिकापुर बौनिया तथा राजापुरमा कार्यरत उत्कृष्ट अभिकर्ता अरुलाई सम्मान समेत गरेको छ । सन नेपाललाइफ इन्स्योरेन्स कम्पनि लिमिटेडका महाप्रबन्धक




कमलराज गौतमको प्रमुख आतिथ्यमा सम्पन्न उत्त कायक्रमहरुको संयोजन सुदुर पश्चिम प्रदेश प्रमुख लक्ष्मीकान्त जैशीले गरेका थिए । देशैभर उत्कृष्ट शाखा सञ्जालबाट बीमा सेवा प्रदानगर्दे आएको कम्पनीले दावी गदै आएको छ । निकट भविष्यमा नै सर्बसाधारणलाई साधारण शेयर निष्काशन गर्ने प्रस्ताव पारित गरिसकेको सन लाइफले जनाएको छ ।

# भाटभटेनीमा प्रभु बैंकको क्यू आर कोड सेवा शुरु

काठमाडौ । प्रभु बैंकले फोन पेसँगको सहकार्यमा नगद कारोबारलाई क्रमशः विस्थापित गर्दै डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यले काठमाण्डौ नक्सालस्थित भाटभटेनी सुपर मार्केटमा कारोबार गर्दा क्यू आर कोड मार्फत् भुक्तानी गर्ने प्रणाली सञ्चालनमा ल्याएको छ । मिति २०७८/०७/११ गते बिहीबारका दिन नक्सालस्थित भाटभटेनी सुपर मार्केटको प्राङग्णमा आयोजित एक समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले QR Code Payment System को समुद्घाटन गदै प्रभु बैंकका सेवाग्रहीलाई क्युआर कोर्डको सुविधा प्रदान गर्न लागेको हो । समुद्घाट पछि प्रमुख अतिथि एवं नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपालको बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिको उच्चतम् प्रयोगबाट समग्र आर्थिक कारोबारमा सरलता र सहजता आएको सन्दर्भ जोड्नु हुँदै प्रभु बैंक र फोन पे को संयुक्त पहलमा नक्सालस्थित भाटभटेनी सुपर मार्केटमा हुने आर्थिक कारोबारको लागि नगदै बोक्नु पर्ने झण्झट हटेको बताउनु भएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले प्रभु बैंकले सूचना प्रविधिको अधिकतम् प्रयोग गर्दै ग्राहकहरुलाई समय सपेक्ष नविनतम् बैंकिङ्ग सेवा प्रवाहमा कटिबद्ध रहेको बताउनु भएको थियो । अत्याधुनिक प्रवधिको उच्चतम् प्रयोग गर्दै समग्र ग्राहकहरुको चाहनालाई पहिलो प्राथमिकता सहित गुणस्तरीय एवं विश्वसनीय बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको प्रभु बैंकर सूचना प्रविधिको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशिल फोन पे विचको समन्वयनमा सञ्चालित क्यू आर कोड सेवा मार्फत् डिजिटल बैंकिङ्ग सेवा उपभोग गरी नक्साल भाटभटेनी सुपर मार्केटमा आर्थिक कारोबार गर्ने सम्पूर्ण उपभोक्ता तथा ग्राहकहरुले अधिकतम् लाभ लिन सक्ने बैकले बताएको छ ।

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**सोम प्रसाद मिश्र**
नगर प्रमुख

**अग्नी प्रसाद अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

# चाँगुनारायण नगरपालिका
**भक्तपुर, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**दिननाथ गौतम**
अध्यक्ष

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत

# चौंरीदेउराली गाउँपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**टि.पी. शर्मा (तिमल्सिना)**
नगर प्रमुख

**राजन पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

# नमोबुद्ध नगरपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**लक्ष्मी नरसिंह बादे श्रेष्ठ**
नगर प्रमुख

**कविराज उप्रेती**
प्रमुख प्रशासकीय अधिकृत

# बनेपा नगरपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**निमफुन्जो शेर्पा**
नगर प्रमुख

**इश्वरीप्रसाद शर्मा**
प्रमुख प्रशासकीय अधिकृत

# बाह्रविसे नगरपालिका
**सिन्धुपाल्चोक, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**मदनसुन्दर श्रेष्ठ**
नगर प्रमुख

**चुरामणि पन्थी**
प्रमुख प्रशासकीय अधिकृत

# मध्यपुर थिमी नगरपालिका
**भक्तपुर, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**सुनिल प्रजापति**
नगर प्रमुख

**रामलाल श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

# भक्तपुर नगरपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**महेश खरेल**
नगर प्रमुख

**शिव प्रसाद हुमेगाई**
प्रमुख प्रशासकीय अधिकृत

# पाँचखाल नगरपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**भिम न्यौपाने**
नगर प्रमुख

**रामप्रसाद वाग्ले**
प्रमुख प्रशासकीय अधिकृत

# पनौती नगरपालिका
**काभ्रे, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**अशोक कुमार ब्याञ्जु(श्रेष्ठ)**
नगर प्रमुख

**तारानाथ लुईंटेल**
प्रमुख प्रशासकीय अधिकृत

# धुलिखेल नगरपालिका
**काभ्रे,बागमती प्रदेश**

## नगर.....

सरकारको हैसियतमा नगर पालिकाले सम्बन्धीत निर्माण व्यवसायी, संघीय सरकारको आयोजना कार्यालय, मन्त्री सम्मानीय प्रधानमन्त्रीज्यू तथा विभिन्न पार्टीका शिर्ष नेताहरु र संघीय संसदको विकास तथा अर्थ समितिमा पटक पटक लिखित तथा मौखिक प्रयासहरु गरेतापनि हालसम्म प्रगती हुन सकेको छैन ।

तसर्थ चाँगुनारायण नगरपालिका सम्पूर्ण नगरबासीको तर्फबाट सम्मानीय प्रधानमन्त्रीज्यू समक्ष निम्नानुसारको माग प्रस्तुत गर्दछु भनि उल्लेख गरेर पत्र बुझाएको नगरपालिकाले बुझाएको ध्यानकर्षण पत्रमा देखिन्छ ।

संघीयताको मर्म अनुसार उक्त सडक निर्माणको कार्य श्रोतसहित स्थानीय सरकार समक्ष हस्तान्तरण हुन वा २०७१।०३।०२ मा २ वर्षमा सक्नेगरी भएका ठेक्का रद्धगरी नयाँ प्रकृया शुरु गर्न, नगरवासीको जीवन प्रणाली को रुपमा रहेको उल्लेखित सडकका सम्बन्धमा १ महिनाभित्र माग अनुसार निर्णय नभए सम्पूर्ण नगरवासीको मागको प्रतिनिधित्व गर्दै नगर प्रमुख तथा जनप्रतिनिधिहरु जुनसुकै कडा कदम चाल्न बाध्य हुने ब्यहोरा अनुरोध छ । यस सम्बन्धमा चाँगुनारायण नगरपालिकाको नवौं नगरसभाले सर्वसम्मत रुपमा गरेको निर्णय संलग्न गरिएको छ, उक्त ध्यानाकर्षण पत्रमा भनिएको छ ।

सो अवसर नगर प्रमुख सोम प्रसाद मिश्रले अब नगरवासी आन्दोलन गर्न बाध्य भएको र त्यसको नेतृत्व नगरपालिकाले गर्ने चेतावनी समेत दिएको देखिन्छ ।

प्रमुख जिल्ला रुद्रादेवी शर्मा भक्तपुर नगरकोट सडक निर्माण कार्य सक्न आफुले आएदेखी नै पहल गर्दै आएको बताइन् । उनले सो कार्यको लागी सबै सरोकारवालाको ध्यानाकर्षण गराउने समेत प्रतिबद्धता व्यक्त गरेकी थिइन ।

## शम्भु....

उल्लेखिय उपस्थितिमा कार्यक्रम भएको थियो ।

कार्यक्रमलाई पार्टीका महासचीव सिपी मैनालीले शम्भुराम श्रेष्ठले राष्ट्रियतालाई सधैं सिरमा राखेर काम गरेको र उहालाई सधै सम्भनु पर्ने भएको हो भन्दै राष्ट्रियतामा खतरा उत्पन्न हुदा उहाको सुझबुझका कारण नेपाललाई भारतले विधान सभा मार्फत नेपालको स्वतन्त्र नामेट पार्ने चाल चालेको विषय शम्भुराम श्रेष्ठले चलाखी गरेर नेपालको अस्तित्व बचाउन भुमिका खेलेको बताएका थिए । त्यसैगरी नेपालको पछिल्लो राजनीतिका अवस्थाको बारेमा प्रकाश पार्दै अन्य पदाधिकारीहरुले पनि मन्तव्य राखेका थिए । कार्यक्रम सफल बनाउन सबै क्षेत्रबाट सहयोग गरिदिनु भएको भनि काठमाडौं जिल्ला कमिटी अध्यक्ष सिद्धि महर्जनले सबैलाई धन्यवाद दिएका थिए ।

## कांग्रेस.......

नै बने फरक पर्दैन तर यसको निर्णय कार्यकर्तामा छोड्नुपर्दछ ।"

पार्टी नेतृत्वमा पुस्तान्तरण भन्दा रूपान्तरणको आवश्यकता भएको उल्लेख गर्दै उहाँले रूपान्तरणका लागि कार्यक्रम, योजना, सोच, विचार राम्रो ल्याएर राष्ट्र हाँक्ने र प्रतिपक्षीसँग सामना गर्न सकिने नेतृत्व चाहिएको बताउनुभयो । उहाँले भन्नुभयो, "युवा, महिला, मधेशी, पहाडी, जनजातिभन्दा राष्ट्र हाँक्न सक्ने व्यक्तिको माग छ ।"

नेता पौडेलका अनुसार सबैलाई एक ढिक्का बनाएर अगाडि बढ्न सक्ने, राष्ट्रलाई हाँक्न सक्ने व्यक्तिलाई पार्टी सभापतिको जिम्मेवारी दिइनुपर्दछ । उहाँले भन्नुभयो, "पार्टीको सभापतिको जिम्मेवारी दिने जिम्मा कांग्रेसी कार्यकर्ताको जिम्मामा छोड्नु पर्छ, न कि भागबण्डाको आधारमा दिइनुपर्छ ।"

वरिष्ठ नेता पौडेलले पार्टी सभापति शेरबहादुर देउवा सेटिङको आधारमा नभई संविधानको मर्म तथा विधि प्रक्रियाअनुसार नै प्रधानमन्त्री बनेको बताउनुभयो । उहाँले वर्तमान अवस्थाको सरकार गठबन्धनको भए पनि आगामी निर्वाचनमा कांग्रेसले एक्लै चुनाव लड्ने स्पष्ट पार्नुभयो ।

## नेपालको.....

पक्षमा हेर्ने हो भने देश र जनताको हितमा व्यवस्थाले खासै परिवर्तन गरेको पाइएको छैन । तर राजनीतिक पार्टीको संरक्षण गर्न र राजनीतिक भँतिकेन्द्र गर्ने र सधैं न्यायलय जस्तो भरोसा र विश्वास गरेको निकायलाई समेत विवाद र अविश्वास गर्ने विश्वसनीयता गुम्ने खालका कामहरु चै हुदै आएका छन् । यस्तो अभ्यासले नेपालको प्रतिष्ठामा नै ठेस पुऱ्याउने काम गर्दै आएको छ ।

नेपालको अभ्यासमा जिल्ला अदालत सम्मका न्याधिसहरु लोकसेवाको प्रतिस्पर्धाबाट आउनुपर्ने नियम छ भने त्यसभन्दा माथिका निकायका न्यायधिसहरु राजनीतिक नियुक्तिमा नियुक्त हुदै आएका छन् । जसलाई संवैधानिक न्याय परिषद नामबाट भागवण्डाको आधारमा नियुक्त गरिन्छ ।

यस्ता खालका भागवण्डाको आधारमा नियुक्ति पाएका क्षेत्रमा स्वतन्त्र पारदर्शि, न्याय हुन्छ भन्ने आशा राख्नु नै नेपालको दुंभाग्य हो । यो आजको मात्र समस्या होइन । विगत देखि वर्तमानसम्म भएका विवाद र अभ्यासले यहि देखाइरहेको छ ।

त्यसकारण नेपालको न्यायलय क्षेत्रलाई विवाद मुक्त बनाउन प्रणालीमा नै फेरवदल आवश्यक छ ।

जसरी लोकसेवा आयोगले निजामति कर्मचारीको प्रतिस्पर्धा गराएर स्वतन्त्र ढंङगबाट काम लगाउछ । त्यसैगरी न्यायलयमा पनि खुल्ला प्रतिस्पर्धाबाट छनोट गरी न्यायधिसहरु नियुक्ति गरेर न्यायलयलाई प्रणालीगत रुपमा नै परिवर्तन गर्न आवश्यक छ ।

त्यसो नहुनजेलसमम्म कोही कसैलाई कुनै पार्टीलाई प्रधान न्यायधिस वा त्यस निकायका मातहतका न्यायधिसहरुलाई मन नपर्ने बित्तिकै यसैगरी विवादमा धकेल्ने काम भइनै रहन्छ ।

व्यक्ति परिवर्तनले केही परिवर्तन हुदैन । प्रणाली परिवर्तन गरेर मात्र स्वतन्त्र न्यायपालिका र भरोसा र विश्वसनीय न्यायलय बनाउन सकिन्छ ।

यता पर्टी सम्बन्धित निकायको ध्यान जाओस् । विदेशी निकायको सहयोगमा चलाइएका आइएनजिओ र एनजिओहरुको भनाई र दवावमा नेपालको कानुनी निकाय प्रभावित नहोस् ।

## समाजवादी....

केन्द्रीय तदर्थ कमिटीका सदस्यको बैठकले सङ्गठनलाई प्रशासनिक निकायमा छिट्टै दर्ता गर्ने जनाएको छ । बैठकमा नेकपा (एकीकृत समाजवादी)का उपमहासचिव, प्रचार विभागका प्रमुख एवं सङ्गठनका इन्चार्ज जगन्नाथ खतिवडा, पार्टी केन्द्रीय कमिटी सदस्य चमिना भट्टराई र अशेष घिमिरे उपस्थित हुनुहुन्थ्यो ।

तोकिनुभएका प्रदेश इन्चार्ज, सहइन्चार्ज, संयोजक, सहसंयोजक र सचिवले सम्बन्धित प्रदेशस्थित सङ्गठनका केन्द्रीय संस्थापकसहित पार्टीको प्रचार विभाग हेर्ने गरी तोकिनुभएका पदाधिकारीका उपस्थितिमा एक हप्ताभित्र सम्पूर्ण जिल्लाका संयोजकको नाम टुङ्गो लगाई केन्द्रीय कार्यालयलाई जानकारी दिनुपर्ने, दुई हप्ताभित्र प्रदेश कमिटीलाई पूर्णता दिनुपर्ने, केन्द्रीय कार्यालयसँग समन्वय गरी आगामी मङ्सिर दोस्रो हप्तादेखि सङ्गठनको प्रशिक्षणमूलक प्रदेश भेला आयोजना गर्ने र प्रदेश कमिटीको सङ्ख्या बढीमा ५१ सदस्यीय हुने निर्देशनमा उल्लेख छ । कमिटीमा जिल्ला संयोजक स्वतः सदस्य हुने बताइएको छ ।

जिल्ला कमिटीको सङ्ख्या बढीमा २१ सदस्यीय हुनेछ । केन्द्रबाहेकका प्रत्येक कमिटीमा महिलासहित उपाध्यक्ष दुई तथा सचिव, सहसचिव र कोषाध्यक्ष एक-एक रहनेछन् । पूर्वसंस्थाबाट सङ्गठनमा आउन चाहनेलाई राष्ट्रिय सम्मेलनबाट न्यायोचित भूमिका दिने र त्यसअघि सङ्गठन निर्माण काममा लागिपर्नका लागि अनुरोध गरेको पार्टी केन्द्रीय प्रचार विभागका उपप्रमुख श्रेष्ठले अनुरोध गर्नुभएको छ ।

प्रदेश कार्यविभाजनमा पर्नुभएका सबै सङ्गठनको संस्थापक केन्द्रीय तदर्थ कमिटीमा रहेको र टुङ्गिन बाँकी रहेका सहइन्चार्ज, सहसंयोजक र सचिवको नाम सम्बन्धित प्रदेश इन्चार्जका सिफारिसमा केन्द्रीय कार्यालयले निर्णय गर्ने बताइएको छ ।

सङ्गठनको प्रदेश १ इन्चार्जमा तीर्थराज सिग्देल, सहइन्चार्ज रत्नप्रसाद आचार्य, सहइन्चार्ज बुद्धवीर बाहिङ राई र शिव ढुङ्गाना तथा संयोजकमा बन्धु पोखरेल र सचिवमा भोला प्रधान श्रेष्ठ रहनुभएको छ ।

त्यस्तै प्रदेश २ इन्चार्जमा प्रकाश खतिवडा र संयोजकमा बृजलाल पासवान हुनुहुन्छ । वाग्मती प्रदेश इन्चार्जमा नवराज छत्कुली, सहइन्चार्जमा राजन दाहाल र मधुकर लुइँटेल तथा संयोजकमा ध्रुव रायमाझी र सहसंयोजक मोहन रिजाल र सचिवमा भोलाराज पौडेल हुनुहुन्छ ।

गण्डकी प्रदेश इन्चार्जमा श्रीराम सिग्देल, संयोजकमा गणेश पौडेल, सहसंयोजकमा कृपा भण्डारी र खगेन्द्र पराजुली हुनुहुन्छ । लुम्बिनी प्रदेश इन्चार्जमा विकास बञ्जाडे, संयोजकमा शिवलाल सुवेदी र सचिवमा विजयसिंह भारती, कर्णाली प्रदेश इन्चार्जमा दुर्गा थापा, सहइन्चार्जमा जीवन सेजुवाल र संयोजकमा यज्ञराज थापा रहनुभएको छ । सुदूरपश्चिम प्रदेश इन्चार्जमा राजेन्द्र कुँवर, सहइन्चार्जमा मीन ठकुरी र हरि जोशी तथा संयोजकमा नरेन्द्र भट्ट हुनुहुन्छ । उपत्यका प्रदेश इन्चार्जमा सन्तराम बिडारी, सहइन्चार्जमा टिवी विरही, संयोजकमा सविन शर्मा र सचिवमा आशिष गुरागाई, प्रतिष्ठान प्रदेश इन्चार्जमा नरेश न्यौपाने, संयोजकमा रामकुमार शाही, सहसंयोजकमा देवीप्रसाद सापकोटा र सचिवमा धनवीर दाहाल तथा एसोसिएट्स प्रदेश इन्चार्जमा तेजप्रसाद वाग्ले, सहइन्चार्जमा निर्मल अधिकारी, संयोजकमा नारायण पौडेल र सचिवमा अफरोज मन्सुर रहनु भएको छ ।

# भाइटीका कात्तिक २० गते ११:०२ बजे उत्तम साइत

काठमाडौं । कात्तिक २० गते शनिबार भाइटीका लगाउनुपर्ने समितिले जनाएको छ । यस दिन बिहान ११ : ०२ बजे भाइटीकाको उत्तम साइत रहेको समितिका अध्यक्ष अधिकारीले सुनाउनुभयो । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउनु पनि शास्त्रसम्मत् नै हुने समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमा टीका लगाउनुपर्छ । भाइपूजा र नेवारी भाषामा किजापूजा कात्तिक २० गते नै गरिन्छ । बेलुकी सूर्यास्त नभएसम्म भाइटीका लगाउन कुनै समस्या नरहेको समितिले जनाएको छ । झिलीमिलीको चाड पनि भनिने तिहारका अवसरमा एक हप्ता अघिदेखि नै राजधानीलगायत प्रमुख शहरमा थरी थरीका बत्ती बाल्न शुरु भइसकेको छ । बत्तीको उज्यालोले शहरमा घुम्दा समेत मन आनन्दित हुन्छ । केहीले आश्विन शुक्ल पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमाकै दिनदेखि दीपावलीलाई निरन्तरता दिन्छन् । यस अवसरमा विकृतिका रूपमा फैलिएको पटाका पट्काउनेले गर्दा दुर्घटना पनि हुने गरेको छ । जतातत्तै पटाका पड्काउँदा आगलागी, अरुलाई लागेर घाइते हुने, आँखालगायत अङ्गभङ्ग हुने समस्यासमेत बढ्न थालेको छ । नेपाल प्रहरीले पटाका नपट्काई सभ्य रूपमा पर्व मनाउन आह्वान गरेको छ । तिहारअघि ठूलो सङ्ख्यामा पटाका बरामद हुने गरेपनि पड्कन भने छोडेको छैन ।

# कास्कीमा राति १० बजेसम्म मात्र देउसी-भैलो खेल्न पाइने

कास्की । जिल्ला प्रशासन कार्यालय कास्कीले नेपालीहरूको दोस्रो ठूलो पर्व दीपावलीका अवसरमा खेलिने देउसी-भैलोलगायतका कार्यक्रम राति १०:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइने जनाएको छ । प्रशासनले आइतबार सूचना जारी गरी कोभिड १९ रोगको सङ्क्रमणदर अपेक्षित घट्न नसकेको र यसको प्रकोप बढ्न सक्ने भएकाले सरकारले निर्धारण गरेको स्वास्थ्य मापण्ड पूर्णपालना गरी देउसी-भैलोजस्ता नाचगान कार्यक्रम राति १०:०० बजेसम्म मात्र सञ्चालन गर्न आदेश जारी गरेको छ । यसैगरी देउसी-भैलो कार्यक्रम सार्वजनिक यातायात र जीवनलाई असर नपर्ने गरी मर्यादित र अनुशासितरूपमा सञ्चालन गर्नसमेत आग्रह गरिएको छ । प्रशासनले पटका, आतसवाजी, झिरझिरे, भुइँचम्पाजस्ता विष्फोटजन्य पदार्थ प्रयोग नगर्न र यस्ता पदार्थको निकासी, ओसारपसार एवं बिक्री वितरण नगर्न आग्रह गरेको छ । चाडपर्वका समयमा मादक पदार्थ सेवन गरी सार्वजनिक शान्ति र सुरक्षालाई असर पर्ने गरी सार्वजनिकस्थलमा होहल्ला गर्ने एवं झैझगडा गर्ने कार्यमा रोक लगाइएको प्रशासनले जनाएको छ । मठमन्दिर, गुम्बालगायतका धार्मिकस्थलमा अनावश्यक भीडभाड हुन नदिइ स्वास्थ्य मापदण्ड पूर्ण पालना गरी पूजापाठलगायतका अन्य क्रियाकलाप सञ्चालन गर्न पनि अपिल गरिएको छ ।

# नेपाल-भारतमैत्री बससेवा पुन :सञ्चालनमा

राँझा । कोरोना महामारीका कारण प्रभावित हुँदै आएको नेपाल-भारतमैत्री बससेवा दुई वर्षपछि पुनः सञ्चालनमा आएको छ । नेपालगञ्जस्थित भेरी यातायात प्रालिले यहाँबाट भारतको राजधानी दिल्ली, उत्तर प्रदेशको राजधानी लखनऊ, देहरादुन र हरिद्वारका लागि नेपाल(भारत यात्रुमैत्री बससेवा सञ्चालन गर्दै आएको थियो । कोरोनाको त्रास कम भएसँगै सीमानाकामा दुवै देशबाट सवारी यातायात आवागमन अनुमति भएकाले आइतबारदेखि नेपाल-भारत यात्रुमैत्री बससेवा पुनः सुरु गरिएको भेरी यातायात प्रालिका अध्यक्ष राजेन्द्र गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार कोरोना भाइरस महामारीले गर्दा दुई वर्षदेखि मैत्री बससेवा बन्द गर्नुपरेको थियो ।

बससेवा बन्द हुँदा व्यवसायीलाई ठूलो आर्थिक नोक्सानी हुनुका साथै यात्रुले समेत सास्ती व्यहोर्नुपरेको थियो । लामो समयदेखि रोकिएको बस सेवा पुनः सञ्चालन भएपछि भारतको राजधानी दिल्ली, उत्तर प्रदेशको राजधानी लखनऊ, देहरादुन र हरिद्वार जाने नेपालीलाई सहज हुने भएको छ । सीधा यातायात सेवा सञ्चालन नहुँदा कामको खोजीमा भारत जाने र भारतबाट घर फर्किने नेपालीहरू धेरै ठाउँमा ठगिने गरेका थिए ।

बससेवा सञ्चालन भएपछि अब सीमावर्ती भारतीय बजार रुपैडिहालगायतका भारतीय सहरमा भारतबाट घर फर्किने नेपाली लुटिने तथा ठगिने घटना रोकिने होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष भीम कँडेलले जानकारी दिनुभयो ।

मैत्री बस सञ्चालन भएपछि भारतका विभिन्न सहरमा यात्रा गर्नेलाई सुरक्षित र सहज यात्रा गर्ने अवसर मिलेको उहाँको भनाइ छ । रोकिएको मैत्री बससेवा सुरु भएपछि भारतबाट फर्किने नेपालीहरू सीधा नेपालगञ्ज आउने भएकाले यहाँका होटल तथा व्यापार व्यवसायमा समेत प्रत्यक्षरूपमा फाइदा पुग्ने उहाँले बताउनुभयो । नेपालगञ्जबाट भारतको लखनऊ स्वास्थ्योपचारका लागि दैनिकजसो ठूलो सङ्ख्यामा नेपाली नागरिक जाने गरेका छन् ।

# अन्तराष्ट्रिय समाचार

## जापानको संसदको तल्लो सदनमा सत्तारुढ एलडीपीले बहुमत ल्याउने : सर्वेक्षण

जापानको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) र उसका सहयोगी कोमेइटोको सत्तारुढ गठबन्धनले आइतबार सम्पन्न आम निर्वाचनमा संसदको तल्लो सदनमा बहुमत ल्याउने क्योदो न्यूजद्वारा सार्वजनिक सर्वेक्षणले आइतबार देखाएको छ । सरकारको कोभिड-१९ प्रतिक्रिया र आय असमानतासँग असन्तुष्ट मतदाताहरूको समर्थनको लागि आह्वान गरेका विपक्षी दलहरूविरुद्ध ४६५ मध्ये कम्तीमा २३३ सीट प्राप्त गर्दै सत्ताधारी गठबन्धनले संसदमा शक्तिशाली प्रतिनिधि सभामा आफ्नो बहुमत कायम राख्ने प्रक्षेपण गरिएको छ । यद्यपि रिपोर्ट अनुसार एलडीपीको यस पहिले प्रतिनिधि सभामा रहेको २७६ सिटमध्ये केही सिट गुम्ने देखिएको छ । जापानी प्रधानमन्त्री फुमिओ किशिदाले तल्लो सदनमा एलडीपी-कोमेइतो गठबन्धनले बहुमत कायम राखेको खण्डमा आफूले जितको दावी गर्दै सरकार निर्माणका लागि पहल गर्ने बताउनुभएको छ । आम निर्वाचनको मतदान आइतबार साँझ सकिएको छ। स्थानीय समयअनुसार ८:०० बजे देशभर मतदान केन्द्र बन्द भएका छन् । मतदानस्थलमा पुगेका मतदाताले भने राति अबेरसम्म मतदान गर्न पाउने छन् ।

## फ्रान्स र बेलायतका नेताहरू मत्स्य विवादको शीघ्र निरूपण गर्न सहमतः पेरिस

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन र बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले आइतबार ब्रेक्जिटपछिको माछा मार्ने अधिकारलाई लिएर उठेको विवाद समाधान गर्न "व्यावहारिक र परिचालन उपायहरू" मा काम गर्न सहमत भएका छन् । म्याक्रोनको कार्यालयले जनाएअनुसार दुई नेताहरूले रोममा भएको जी २० शिखर सम्मेलनको मार्जिनमा लगभग २५ मिनेट भेटवार्ता गरेका थिए । सो अवसरमा दुई नेताहरू "जति सक्दो चाँडो" ठोस कामका साथ उक्त विवादको शीघ्र निरूपण गर्नुपर्ने विषयमा सहमत भएको जनाइएको छ ।

## सुडानका लागि राष्ट्रसंघीय प्रतिनिधिद्वारा अपदस्थ प्रधानमन्त्री हमडोकसँग छलफल

सुडानका लागि संयुक्त राष्ट्र संघका विशेष प्रतिनिधि भोल्कर पर्थेसले अपदस्थ सुडानका प्रधानमन्त्री अब्दल्ला हमडोकसँग देशको अवस्थाबारे छलफल गर्न भेट गरेका छन् ।," पर्थेसले ट्वीटमा लेखेका छन् "भर्खरै हामडोकलाई उहाँको निवासमा भेटें जहाँ उहाँ ठीक हुनुहुन्छ तर घरमा नजरबन्दमा हुनुहुन्छ । हामीले मध्यस्थताका विकल्पहरू र सुडानका लागि अगाडि बढ्ने बाटोका बारेमा छलफल गर्यौं ।" यसैगरी संयुक्त राष्ट्रसंघका अधिकारीले देशका अन्य "सरोकारवालाहरू" सँग छलफल जारी राख्ने बताएका छन्। सोमबार सुडानी सेनाले हामडोक र सरकारका अन्य धेरै सदस्यहरूलाई हिरासतमा लिएको थियो। सुडानी संक्रमणकालीन सार्वभौम परिषद्का प्रमुख अब्देल फताह अल-बुर्हानले आपतकालको घोषणा गर्दै सरकार भङ्ग गरेका छन्। मंगलबार हाम्डोक र उनकी श्रीमती घर फर्किएको खबर आएको थियो ।

## विश्व स्वास्थ्य संगठन प्रमुख र रूसी विदेश मन्त्री बीच भेट

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले आइतवार रुसी विदेशमन्त्री सर्गेई लाभरोभसँग भेट गर्नुभएको छ। सो अवसरमा उहाँहरू बीच विश्वव्यापी स्वास्थ्य संरचनालाई सुदृढ गर्ने विषयमा छलफल भएको जनाइएको छ । उक्त अवसरमा विश्व स्वास्थ्य संगठनको मुख्य भूमिकालाई केन्द्रमा राखेर स्वास्थ्यसँग सम्बन्धित जटिलता र सम्भावित खतरा रोक्न सहमति जनाइएको छ । साथै आगामी विश्व स्वास्थ्य सम्मेलनको विशेष सत्रमा महामारी नियन्त्रणको तयारी सम्बन्धी अन्तरराष्ट्रिय सम्झौताबारे पनि छलफल भएको छ । यो भेट हालै देशमा बढ्दो कोरोना भाइरसको सङ्क्रमणका बीच भएकाले अर्थपूर्णरूपमा हेरिएको छ । रुसमा शनिबार मात्रै ४०,२५१ जना नयाँ सङ्क्रमित फेला परेका छन् भने १,१६० ले ज्यान गुमाएका छन् ।

## भारतमा दैनिक सङ्क्रमितहरुको संख्या फेरि घट्यो

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या फेरि घटेको छ । पछिल्लो २४ घण्टामा १२ हजार ८३० जना मात्रै नयाँ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतवार जानकारी दिएको छ । यस अवधीमा कोरोना सङ्क्रमणको कारण ४४६ जनाको मृत्यु भएको छ । भारतमा शनिबार भएको सङ्क्रमित मध्ये ७ हजार ४२७ जना केरला राज्यमा रहेका थिए । कोरोना सङ्क्रमणको कारण ४४६ जनाको मृत्यु भएकोमा ६२ जना केरला राज्यमा रहेका थिए । यसअघि झण्डै १६ हजारको हाराहारीमा दैनिक सङ्क्रमित हुने गरेकोमा अहिले करिब १३ हजारमा घटेको देखिएको हो । भारतमा अहिले एक लाख ५९ हजार २७२ जना सक्रिय सङ्क्रमित रहेका मन्त्रालयले आइतबार जनाएको छ । यो सङ्ख्या २४७ दिनपछिकै सबैभन्दा कम रहेको पनि अधिकारिहरुले जनाएका छन् । भारतमा अहिले सक्रिय अवस्थामै रहेकाहरुको सङ्ख्या कूल सङ्क्रमितहरुको सङ्ख्याको ०.४६ प्रतिशत मात्रै हो ।

शनिबार भारतमा १४ हजार ६६७ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यससँगै कोरोना शुरु भएवाट हालसम्म तीन करोड ३६ हजार ५५ हजार ८४२ जना कोरोना मुक्त भएका छन् । मन्त्रालयका अनुसार कुल सङ्क्रमित मध्ये ९८।२० प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन् । भारतमा कोरोना भाइरसको परिक्षण ६० करोड ८३ लाख भन्दा बढी भएको छ । यहाँ गत जनवरीको १६ बाट कोरोनाविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयबाट हामलसम्म १ अर्व भन्दा बढी डोज खोप लगाइएको छ ।

## तालिबानका सर्वोच्च नेता पहिलो पटक सार्वजनिक

तालिबानका सर्वोच्च नेता हैबतुल्लाह अखुन्दजादा पहिलो पटक सार्वजनिक रुपमा देखा परेका अधिकारीहरूले आइतवार घोषणा गरेका छन् । उनले अफगानिस्तानको दक्षिण भागमा पर्ने कान्दाहार प्रान्तमा समर्थकहरुलाई सम्बोधन गरेका थिए । अखुन्दजादा सन् २०१६ देखि इस्लामवादी आन्दोलनको प्रमुख रहदै आएका थिए । तर अगस्त्मा उनको समूहले अफगानिस्तानमा सत्ता कब्जा गरेपछि पनि उनी सार्वजनिक रुपमा देखा परेका थिएनन् । तालिबान सरकारमा उनको भूमिकाको बारेमा अनुमान लगाइएको छ । यद्यपी उनको मृत्युको अफवाह पनि फैलिएको थियो । तालिबान अधिकारीहरुका अनुसार शनिबार उनले दारुल उलूम हकिमाह मदरसाको भ्रमण गर्दै आफ्ना लडाकू चेलाहरुसँग कुरा गरेका तालिबान अधिकारीहरूले बताएका थिए । सन् २०१६ मा अमेरिकी ड्रोन हमलामा परी तालिबानका प्रमुख नेता मुल्लाह अख्तर मन्सुर मारिएपछि अखुन्दजादालाई सत्ताको द्रुत संक्रमणकालमा तालिबानको नेता नियुक्त गरिएको थियो ।

# भमरकोट, कोटदेवीको, ऐतिहासिक पृष्ठभूमिः तेज प्रकाश बानियाँ



## तेज प्रकाश बानियाँ, पुर्व साहायक रथि

**१ भमरकोट,कोटदेवीको,ऐतिहासिक पृष्ठभूमि :**

काभ्रे जिल्ला काठमाडौंबाट २२ कि मी. सोझै पूर्व साँगाबाट शुरूभएर ५७ कि मी. दोलालघाटसम्म पुगेर राजमार्ग उत्तरतिर लाग्छ भने काभ्रे जिल्ला चाँहि पूर्व तर्फ फैलदै गएकोछ । विश्वमान चित्रमा, काभ्रे जिल्लाले २७'२५ देखि २७'५० सम्म उत्तर अक्षांस र ८५'२१ देखि ८५'५१ सम्म पूर्व देशान्तर भित्र यसले १३९६ बर्ग किलो मिटर क्षेत्रफल भू–भाग ओगटेको छ । पूर्व-रामेछाप, दोलखा र सिन्धुली, पश्चिम- काठमाडौं, भक्तपुर र ललितपुर, उत्तर-सिन्धुपाल्चोक र दक्षिण-सिन्धुली, मकवानपुर र ललितपुर यसका छिमेकी जिल्लाहरू हुन् ।

धुलिखेल, बनेपा, पनौती र खँड्पु यसका मुख्य ऐतिहासिक सहरहरू हुन् । पलाञ्चोक भगवती, धनेश्वर महाँदेव, चण्डेश्वरी-बनेपा, नाला भगवती, आशापुरी महाँदेव-साँगा, गौखुरेश्वर महादेव-धुलिखेल, नारायणस्थान-तिमाल र नमो बुद्ध यहाँका मुख्य देवस्थल हुन् ।

काभ्रे जिल्लाको बीच भागमा भमरकोट पर्दछ, जहाँबाट पैदल हिडेर एकै दिन राजधानी पुग्न सकिन्छ । राजधानीको नजिक भएकाले पहिलादेखि अलि विकास भएको गाउँ पनि हो यो । समुद्री सतहबाट यो ठाउँको उचाई ९५७ मिटर छ । बेसीमा ठूलो फाट भएको र गाउँको बस्तीहरूमा पनि उर्वर माटो भएकोले धान, मकै, कोदो, गहुँ, जस्ता अनाज बाली र सबै किसिमका तरकारी यहाँ उत्पादन भएर बनेपा र काठमाडौं पुऱ्याइन्छ । यहाँको आलु देशभर जान्छ । आधुनिक कृषि प्रविधिमा यहाँका किसानहरू प्रशस्त भिजिसकेका छन् ।


बितलव गणेश, कोटदेवी र माजकोट गणेश भमरकोटका देवस्थल हुन् । यहाँ विभित्र जातजातिको मिश्रित र भेदभाव रहित बसोबास छ । विशेष गरेर खेती सुविधाको लागि स्थानीय वासिन्दाको वसाई बेसीमा भएपछि गाउँको वस्ती पातलिदै गएर त्यसक्षत्रमा बाह्य स्थानबाट बसाइँ सराइ गरी आउनेहरूको संख्या धेरै छ । गाउँका बालबालिकालाई प्राथमिक विद्यालयको अभाव खड्किएको छ । विद्यालयको लागि साना बालबालिकाले पनि धुलिखेल बनेपा सम्म धाउनु परेको छ । यसबाहेक विकासका अरू पूर्वाधार सामान्य छन् । हाम्रो जस्तो भूवनोट भएको देशमा युद्ध गर्दा, गुरिल्ला युद्ध सफल हुन्छ । लामो दूरीका युद्ध सामग्री बनी नसकेकोवेला नजिकबाट भिडेर, गुथ्थम गुथ्थाको लडाइँ गर्ने हो । त्यसमा प्रयोग हुहे सामग्री भनेको भरूवा बन्दुक, पिस्तोल, खुकुरी, खुडा, ढाल, तरवार, भाला, चुपी, गरासी, गुलेली, धनुर्वाण, घुयत्रो आदि हुन् । अग्लो ठाउँमा किल्ला, कोत खडा गरेर बस्ने ठाउँ छ भने, ढुङ्गामुढा लडाएर पनि लडाइँमा विजय हात पार्न सकिन्छ । भोटको लडाइँ जित्नुको कारण एउटा यो पनि हो ।जुनसुकै नयाँ ठाउँमा सेना तैनाथ गर्दा एउटा न एउटा देवदेवीको मन्दिर स्थापना गरिएको हुन्छ । मन्दिरमा दैनिक पूजा गरेर प्रसाद लगाउने व्यवस्था गरिएको हुन्छ । पल्टनको नाम पनि देवदेवीका नामबाट राखिएको छ ।

त्यसमा पनि सम्भव भएसम्म देवीको नामबाट छ । देवी भनेको सेनाको लागि शक्तिकी प्रतीक हुन् । उनको दु.ख कष्ट नास गरेर शत्रु मर्दन गर्ने शक्तिले गर्दा, लडाइँको समयमा पनि अग्लो, चुट्टी परेको थुम्किलो, वरिपरि देखिने, ठूलो क्षेत्रफल ढाक्नुपर्नेमा, गढी किल्ला कोत बनाएर देवी स्थापना गर्ने, सानो क्षेत्रकालागि पनि सानै ठाउँमा कोतमात्र खडा गरेर २/४ गोटा ढुङ्गा ठड्याएर मात्र भएपनि देवी स्थापना गरेर, 'हे माता ! तपाइँ सम्पूर्ण भक्तहरूकी रक्षिका हुनुहुन्छ । तपाइँ अथाह शक्तिकी स्रोत हुनुहुन्छ । यो लडाइँमा हाम्रो विजय गराइदिनुहोस्, तपाइँमा भएको शक्तिको अंश हामीलाई पनि दिनुहोस् हामी पूर्ण रूपेण तपाइँको शरणमा छौं' भनी, आराधना गरेर देवीको पाउमा आफूलाई सुम्पिएर अगाडि बढने चलन छ । कीर्तिपुरको लडाइँमा दुइ पटक हार भएपछि, फेरि पनि त्यहाँ हमला गर्दा, उपत्यकाका तीनवटै राज्यले कीर्तिपुरे सेनालाई सहयोग गर्नसक्ने सम्भावना देखेर, पृथ्वीनारायण शाहले उपत्यका बाहिरका



क्षेत्रहरू दखल गरेर तीन राज्यलाई नाकाबन्दी गर्दै जाने र ती राज्यहरूबीच फाटो पैदा गराउने योजना बनाए । यो काम शिवपुरीबाट शुरू गरेर सफलता पूर्वक अगाडि बढ्दै गयो । यसै क्रममा काभ्रे पलाञ्चोक क्षेत्र पनि दखल नगरी नहुँने देखेर, पलाञ्चोक गढी हातपार्न सिह्रानचोक गढीका अख्तियारवाला बाघ भीमसेन थापालाई जिम्मा दिई सहायक कमाण्डरमा जेठा बुढा रामकृष्ण कुवर का साथ चौतारिया दलजीत शाह, काजी हर्क पन्थ, कपर्दार भद्रशाही, वीरभद्र थापाहरूलाई खटाइयो । हमलाको समयमा त्यही कमाण्डर बाघभिमसेन थापाको मृत्यु भयो । उनका सहायक रामकृष्ढा कुवरले तत्कालै फौजको कमाण्ड सम्हालेर अगाडि बढे । पलाञ्चोक र काभ्रेबाट ठूलो क्षेत्र कभर गर्नुपर्ने भएकोले त्यहाँ अवश्य किल्ला बन्यो नै । भमरकोट र आसपासको क्षेत्र हेर्दा भमरकोटमा पनि सानो कोत को आवश्यकता पर्ने भएकोले त्यसकालागि सामरिक महत्वका दृष्टिले उपयुक्त ठाउँ, हाल कोटदेवीको मन्दिर भएको ठाउँ एकमात्र अग्लो थुम्को रहेको र यसको वरिपरि कतै अरू अग्लो र चारैतिर देखिने कोत (हातहतियार राख्ने ठाउँ) बनाउन लायक, स्थान नदेखिएकोले कोट देवीस्थानको थुम्कोमा नै रामकृष्ण कुवरले देवी स्थापना गरी, कोत खडा गरेको हुनुपर्छ । त्यसै बेलादेखि कोत देवी भन्दा भन्दै कोटदेवी नाम रहेको हुनसक्ने देखिन्छ । यद्यपि यो अनुसन्धानको विषय छदैछ । गोरखाली फौजले पलाञ्चोक विजय गऱ्यो । रामकृष्ण कुँवर, त्यस पछि भमरकोटमा घरजम गरेर बसे । उता सिन्धुलीको लडाइँ जितेर आएको ठूलो फौज काभ्रेकोटतिर अगाडि बढ्यो, भमरकोटमा घरजम गरी बसेका रामकृष्ण कुवर पनि त्यसै अभियानमा सम्मिलित भए ।

काभ्रे हात्रे बेलामा, काभ्रेमा गोरखाली फौजको आक्रमण हुँदैछ, ठूलो जनधनको क्षति हुँनुभन्दा आत्मसमर्पण गर भनेर गोरखालीले चेतावनी दिँदा, दुष्मन बलियो छ, पूर्व पश्चिम कब्जा गर्दै आएको छ भत्रे देख्दादेख्दै पनि, स्वाभिमानी काभ्रेलीहरूले शत्रुसामु सोझै आत्म समर्पण नगरी लडाइँ गर्ने निधो गरे । धुलिखेलमा घमासान लडाइँ पऱ्यो । सन् १७५९ देखि १७६३ सम्ममा पलाञ्चोक, काभ्रे र धुलिखेल माथि गोरखालीको विजय भयो । काभ्रेली जनताले लडाइँ गर्ने जुन साहस देखाए, उनीहरूको साहस र स्वाभिमानलाई म अहिले पनि सम्मान गर्दछु । सन १७६३ मा धुलिखेलको बिजय पछि रामकृष्ण कुँवरलाई पूर्व माझ किराँत पहाड खण्डतर्फ अधिकार गर्न पठाइएको छ । रामकृष्ण कुँवर १४ वर्ष भमरकोटमा बसोवास गरे भत्रे इतिहासमा पाइन्छ तर भमरकोटको कहाँनेर वसेका हुन् र त्यसपछि उनको वसाई कताभयो उल्लेख कतै भेटिएको छैन ।




## चन्द्रागिरि उद्योग वाणिज्य सङ्घका अध्यक्षमा श्रेष्ठ

काठमाडौँ । चन्द्रागिरि उद्योग वाणिज्य सङ्घका अध्यक्षमा कृष्णभक्त श्रेष्ठ निर्वाचित हुनुभएको छ । आइतबार सम्पन्न सङ्घको चौथो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनले उपाध्यक्षद्वयमा सुनिल रिजाल, विष्णु शाही, महासचिवमा घनश्याम लुइँटेल, सचिवद्वयमा रमेश कार्की र गीतादेवी भुसाल, कोषाध्यक्षमा राम थापा र सहकोषाध्यक्षमा अनिल कुमार बरालसहित ३१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । चन्द्रागिरि नगरप्रमुख घनश्याम गिरीले अधिवेशनको शुभारम्भ गर्दै समृद्ध नगरपालिका बनाउन नगरपालिकाले उच्च प्राथमिकताका साथ काम गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाबाट व्यवसायका क्षेत्रमा परेको असरलाई माथि उठाउन नगरपालिकाले सक्दो सहयोग घोषणा गरेको छ ।

## तिहार सम्बन्धि सुसेलीहरूः



दुर्गा अधिकारी भमरकोटे

काग करायो
समाचार लैजाने
साइत् जुरायो ।

श्याम सबल
द्वार पाल यमका
पुजा गर ल ।

तेस्रो दिन यो
गौमाताको पुजन
आज गर्ने हो ।

चौथो दिन यो
गोबर्धन देवको
पूजा हुने हो ।

यम यमुना
दिदीभाइ प्रेमको
हेर नमुना ।

किजा पूजा यो
हाम्रा ठूला पर्वको
अन्त्य दिनको ।

टीका लाइयो
सेलरोटी खाइयो
माया पाइयो ।

फूल चुनेर
आए दिदीबहिनी
माला उनेर ।

टीका लाइयो
दिदीभाइ मिलेर
सेल खाइयो ।

भैली मीठास
झिलीमिली तिहार
हर्ष उल्लास ।

दिदीभाइको
अपुर्वको मिलन
देख्न पाइयो ।

# नेपाली बजारमा भित्रिएका जोङसेनका मोटरसाइकल र स्कुटर

काठमाडौं । नेपाली बजारमा जोङसेन ब्रान्डका दुई मोटरसाइकल र एक स्कुटर भित्रिएको छ। नेपालका लागि आधिकारिक वितरकको रुपमा रिजोन मोटर्स बिजनेस प्रालिले यी मोटरसाइकल र स्कुटर भित्र्याएको हो। आरएक्स-३ र जेड-वान मोटरसाइकल तथा जेडटी ६ स्कुटर नेपाली बजारमा भित्रिएको छ। यी मोटरसाइकल र स्कुटरको मूल्य क्रमशः ६ लाख १९ हजार, २ लाख ७९ हजार र २ लाख ३९ हजार रुपैयाँ तोकिएको छ।




जोङसेन आरएक्स-३ एड्भेन्चर मोटरसाइकल हो। यसमा २४९.६ सीसीको सिंगल सिलिन्डर फोर भल्व वाटरकुल्ड इन्जिन छ, जसले १८.५ किलोवाट पावर र २२.५ एनएम टर्क जेनेरेट गर्छ। यसमा ६-स्पिड गियरबक्स जडान गरिएको छ।

एड्भेन्चरका लागि उपयुक्त भएकाले यसमा सेगमेन्टकै सबैभन्दा बढी १५ लिटरको इन्धन ट्यांकी छ। त्यसैगरी ८२० एमएम सिट हाइट भएको यो मोटरसाइकलमा करिव १ लाख ५० हजार रुपैयाँ मूल्य पर्ने ४५ लिटर क्षमताको आल्मुनियम बक्स नि:शुल्क उपलब्ध हुन्छ।

यो मोटरसाइकलमा बीएमडब्ल्युको जस्तै स्लिक बम्पर छ भने फुल्ली डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर र मोबाइल चार्जिङका लागि युएसबी पोर्ट समेत छ। २१० एमएम ग्राउन्ड क्लियरेन्स भएको यो मोटरसाइकलको टप स्पिड १२० किलोमिटर प्रतिघण्टा बताइएको छ भने सिंगल रियर सक, दुवै पांग्रामा डिस्क ब्रेक आदि विभिन्न फिचर उपलब्ध छन्।

जेड-वान स्ट्रिट बाइक हो र यो विशेष गरी प्रौढ उमेरका ग्राहकलाई लक्ष्यित गरी डिजाइन गरिएको छ। यसमा १८० सीसीको सिंगल सिलिन्डर, एयरकुल्ड इन्जिन प्रयोग गरिएको छ, जसले ११.५ किलोवाट पावर र १३.५ एनएम टर्क जेनेरेट गर्छ। यसमा ५-स्पिड गियरबक्स छ। १८ लिटरको इन्धन ट्यांकी भएको यो मोटरसाइकलको टप स्पिड ११० किलोमिटर प्रतिघण्टा छ। यसमा ७६० एमएमको सिट हाइट छ भने १६५ एमएमको ग्राउन्ड क्लियरेन्स छ।

जेडटी ६ स्कुटरमा १२५ सीसीको सिंगल सिलिन्डर एयरकुल्ड इन्जिन छ, जसले ६.८ किलोवाट पावर र ९ एनएम टर्क जेनेरेट गर्छ। ६ लिटरको इन्धन ट्यांकी भएको यो स्कुटरमा अलोय ह्विल, डबल रियर सक, डिजिटल मिटर आदि विभिन्न विशेषता छन्।

दुई पांग्रे सवारी र इन्जिन उत्पादनको लागि चीनका मुख्य ५ कम्पनीहरुमा जोङसेन समेत पर्छ। विगत ३० वर्ष देखि उत्पादन थालेको जोङसेनले विश्वका ५० भन्दा बढी देशमा यो कम्पनीका मोटरसाइकल बिक्री-वितरण गरिरहेको छ। जोङसेनले प्रयोग गर्ने विभिन्न पार्ट्सका लागि हार्ले र पियाजियोसँग समेत सहकार्य गरेको छ। जोङसेन अन्तर्गतको प्रिमियम ब्रान्ड साइक्लोनले उत्पादन गरेका यी मोटरसाइकल र स्कुटर युरो ४ स्ट्यान्डर्डका छन्।

नेपाली बजारमा बिक्री पछिको सेवाका लागि समेत प्रतिबद्ध भएको रिजोन मोटर्सले जनाएको छ। आगामी दिनमा अन्य विभिन्न मोडल र इलेक्ट्रिक सेगमेन्ट समेत नेपाली बजारमा भित्र्याउने रिजोन मोटर्सले बताएको छ।

मोटरसाइकल र स्कुटर मर्मतका लागि आवश्यक स्पेयर पार्ट्स उपलब्ध गराउने र मोबाइल एपबाटै निगरानी गर्नुका साथै आवश्यक सरसल्लाह दिने बताइएको छ।

त्यसैगरी नेपालमै पहिलो पटक ७ वर्ष सम्मको इन्जिन वारेन्टी प्रदान गरिने समेत रिजोन मोटर्स बिजनेसका म्यानेजिङ डाइरेक्टर खगेन्द्र बस्नेतले बताए। जोङसेनको पहिलो सोरुम सानेपा रिङरोडमा छ भने दोस्रो सोरुम सुर्खेतमा तिहार अगाडि नै खुल्ने बताइएको छ। तिहार पछि विर्तामोड, धरान, दमक र पोखरा लगायतका देशका विभिन्न स्थानमा समेत सोरुम खुल्ने बस्नेतको भनाइ छ।

## चित्रकला



आयुषा चौलागाइ
बारा, निजगढ-हाल महाँकाल काठमाडौं







प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजंगल, नदीनाला, पहाड पर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस